# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १२९ | काठमाडौं | बुधबार, १५ भदौ २०७९ | Prabhab National Daily, | Wednesday, Aug 31, 2022 | URL : www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## निर्वाचनमा प्रहरीलाई ८ अर्ब

### म्यादीलाई मात्रै ५ अर्ब ८६ करोड ३९ लाख



■ नारायण ढुंगाना

**काठमाडौं-** आगामी मंसिर ४ मा हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक प्रणालीतर्फको निर्वाचनका लागि नेपाल प्रहरीलाई सात अर्ब ९९ करोड ४९ लाख रूपैयाँ बजेट प्राप्त भएको छ ।

नेपाल प्रहरीका लागि एक अर्ब २३ करोड ५० लाख ९९ हजार तथा म्यादी प्रहरीका लागि पाँच अर्ब ८६ करोड ३९ लाख ५० हजार रूपैयाँ बजेट छुटयाइएको हो । उक्त बजेट अर्थ मन्त्रालयबाट स्वीकृत भएर आएको प्रहरी प्रधान कार्यालय, प्रबन्ध निर्देशनालयका प्रहरी नायब महानिरीक्षक दीपक थापाले जानकारी दिए ।

उक्त निर्वाचनका लागि ७१ हजार ६९३ प्रहरी कर्मचारी र एक लाख १५ हजार म्यादी प्रहरी परिचालन गरिने भएको छ । यसपटक स्थानीय तहको निर्वाचनमा भन्दा २५ हजार बढी नेपाल प्रहरी तथा म्यादी प्रहरी थप गरिने भएको हो । जसमा १५ हजार म्यादी प्रहरी थपिने छन् ।

निर्वाचनका समयमा प्रहरी कर्मचारीतर्फ जिल्लाभित्र खटिने प्रहरीले सात दिनका लागि र बाहिर जिल्लामा खटिने प्रहरीले १३ दिनका लागि दैनिक भ्रमण भत्ता पाउने छन् । उक्त भत्ता सिपाहीका हकमा प्रतिव्यक्ति प्रतिदिन एक हजार २०० रूपैयाँ हुनेछ । अन्य तहअनुसार भत्ता उपलब्ध हुने जनाइएको छ । उनीहरूले निर्वाचनको मुख्य चार दिन प्रतिदिन ३०० रूपैयाँका दरले खाजा खर्च पनि प्राप्त गर्ने छन् ।

नेपाल प्रहरीले निर्वाचन प्रयोजनार्थ कूल १८० वटा गाडी (सवारीसाधन) खरिद गर्ने भएको छ । प्रहरीले निर्वाचनका लागि कूल एक हजार ४९४ सवारीसाधन माग गरेको थियो । अर्थ मत्रालयबाट गाडी खरिदका लागि ७५ करोड रूपैयाँ बजेट स्वीकृत भएसँगै प्रहरीले गाडी खरिदको तयारी थालेको छ । प्रहरीले बढीमा ५० लाख रूपैयाँ सम्मका गाडी खरिद गर्न पाउनेछ । सोही आधारमा १८० वटा गाडी खरिद गर्न लागिएको डिआइजी थापाले जानकारी दिए ।

निर्वाचनमा कूल दुई हजार ७९५ वटा गाडी परिचालन गर्ने योजना प्रहरी प्रधान कार्यालयको छ । निर्वाचनको १२ दिनका लागि एक हजार ५० गाडी भाडामा लिन स्वीकृति प्राप्त भएको छ । भाडाका लागि प्रतिदिन १० हजार रूपैयाँ रकम छुटयाइएको छ । बाँकी अपुग गाडी मर्मत गरेर चलाइनेछ । सबै निर्वाचन सुरक्षा योजनाअनुसार परिचालन हुने भएकाले थपघट हुनसक्ने थापाले जानकारी (**बाँकी पृष्ठ ३ मा**)

# सिफारिस समितिको कठघरामा चोलेन्द्र

बयानअघि समितिले प्रमाणहरू संकलन गरेको छ । समिति सचिवालयका अनुसार विभिन्न व्यक्ति र संस्था गरी १० ठाउँबाट चोलेन्द्रविरूद्ध प्रमाण प्राप्त भएका छन् ।

■ प्रभाव संवाददाता

**काठमाडौं-** छ महिनाअघि आफूविरुद्ध महाभियोग प्रस्ताव आएपछि निलम्बनमा परेका प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले आज (बुधबार) महाभियोग सिफारिस समितिसमक्ष बयान दिँदै छन् । बयानका लागि चोलेन्द्र सम्भवतः कुनै निजी सवारीसाधनमा सिंहदरबारस्थित संसद् सचिवालय पुग्ने छन् । जबरासँग बिहान ११ बजे बयान लिने तय भएको छ ।

सत्तारूढ नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी आबद्ध ९८ जना सांसदले अघिल्लो वर्ष फागुन १ गते प्रधानन्यायाधीश जबराविरुद्ध २१ बुँदे आरोप लगाउँदै संसद् सचिवालयमा महाभियोग प्रस्ताव दर्ता गराएका थिए । त्यसपछि निलम्बनमा परेका जबरा अहिलेसम्म बालुवाटारस्थित सरकारी निवासमै बस्दै आएका छन् । आफूविरुद्धको महाभियोग फेल भएमा फेरि सर्वोच्च फर्किन सक्ने सम्भावना रहेकाले उनले सरकारी निवास छाडेका छैनन् भने सरकारले पनि करबल गरेको छैन ।

उसो त उनी मंसिर अन्तिम साता अनिवार्य अवकाशमा जाँदै छन् । सरकारले मंसिर ४ गतेका लागि प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन तोकेकाले त्यसअघि नै उनीविरुद्धको महाभियोगको छिनोफानो लगाइसक्नुपर्ने छ । तर, समितिले बल्ल काम थालेकाले चुनावअघि काम नसकिने र बीचमै महाभियोग प्रस्ताव 'फासफुस' हुने जोखिम पनि उत्तिकै छ ।

प्रतिनिधिसभाले फागुनमै महाभियोग सिफारिस समिति गठन गरे पनि प्रस्ताव समितिमा पठाउन ढिलाइ गरेका कारण उनीविरुद्धको महाभियोगको काम अघि बढ्न सकेको थिएन । गत फागुन २२ गते ११ सदस्यीय महाभियोग सिफारिस समिति गठन भएको थियो ।

समितिमा एमालेका विष्णु पौडेल, लालबाबु पण्डित, शिवमाया तुम्बाहाङ्फे, कृष्णभक्त पोखरेल, कांग्रेसका मीनबहादुर विश्वकर्मा, रामबहादुर विष्ट, माओवादीका यशोदा सुवेदी, रेखा शर्मा, नेकपा एकीकृत समाजवादीका कल्याणी खड्का, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का एकवाल मियाँ र जनता समाजवादी पार्टी (जसपा)का प्रमोद साह छन् । महाभियोग सिफारिस समितिको पहिलो बैठक भदौ १ गते बसेको थियो । त्यसपछि भदौ ८ गते बसेको बैठकले आज बुधबार चोलेन्द्रसँग बयान लिने निर्णय गरेको थियो ।



बयानअघि समितिले प्रमाणहरु संकलन गरेको छ । समिति सचिवालयका अनुसार विभिन्न व्यक्ति र संस्था गरी १० ठाउँबाट चोलेन्द्रविरुद्ध प्रमाण प्राप्त भएका छन् । संस्थागतरुपमा नेपाल बार एसोसिएसन, सर्वोच्च अदालत बार एसोसिएसन, पूर्वन्यायाधीश फोरमले आफूसँग भएको प्रमाण पेस गरेका छन् । व्यक्तिगतरुपमा केही प्रमाण इमेलमार्फत पनि समितिमा दर्ता भएको समिति सचिवालयले जनाएको छ ।

संकलित प्रमाणलाई एकत्रित गरेर समितिका सदस्यहरुलाई वितरण गरिएको छ । अझै कसैले प्रमाण दिए त्यसलाई पनि समावेश गरेर अध्ययन गरिने समिति सचिवालयले जनाएको छ ।

महाभियोग सिफारिस समितिका अनुसार जबराविरुद्ध प्रमाणको ठूलो सूची तयार भएको छ । विभिन्न व्यक्ति र संस्थाले दिएका र समिति आफैंले संकलन गरेका प्रमाणहरुमा मुख्य गरी जबराको आचरणमाथि प्रश्न उठाइएका छन् । सोही आधारमा जबरालाई सोधिने प्रश्न तयार भएका छन् ।

समिति सचिवालयका अनुसार जबरालाई सोधिने प्रश्नहरुमा सबैभन्दा माथि भ्रष्टाचार गरेको र भ्रष्टाचारको आडमा गैरकानुनीरुपमा सम्पत्ति आर्जन गरेको विषयसँग सम्बन्धित छन् । कार्यक्षमताको अभाव देखिएको, न्यायाधीशहरुको बीचमा समन्वय नगरेको/गर्न नसकेको विषयमा अर्को प्रश्न तयार भएको छ । सशस्त्र प्रहरीका तत्कालीन डीआईजी रञ्जन कोइरालाको मुद्दाको विषयमा गरेको फैसलालाई पनि समितिले जबराको कार्यक्षमतासँगै जोडेर प्रश्न बनाएको छ । न्यायमा विचलन, इमान्दारिताको अभाव, इमानदारीपूर्वक पदीय कर्तव्य निर्वाह नगरेको भन्ने आरोपलाई पनि प्रश्नावलीमा राखिएको छ ।

न्यायाधीशको आचरण पालना नगरेको, आफ्नो स्वेच्छाले काम गर्ने स्वेच्छाचारी भएको, व्यक्तिगतरुपमा के-के फाइदा हुन्छ छानी-छानी काम गरेको देखिएको भन्दै समितिले यसमा पनि स्पष्टीकरण माग्ने भएको छ । (**बाँकी पृष्ठ ५ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**


### जापानसँग जिटुजी सम्झौता

## कामदार पठाउन अझै अलमल

■ प्रभाव संवाददाता

**काठमाडौं-** सरकारले वैदेशिक रोजगारीका लागि जापानसँग जिटुजी (सरकार-सरकारबीच) सम्झौता गरे पनि अझै कामदार पठाउन सकेको छैन । दुई देशबीच सन् २०१९ को मार्चमा जापानमा नेपाली कामदार लैजाने विषयमा श्रम समझदारीपत्रमा हस्ताक्षर भएको थियो । उक्त समझदारीपत्र कार्यान्वयनमा अझै अलमल भइरहेको छ ।

जापानसँग भएको मेमोरेण्डम अफ को-अपरेसन (एमओसी)मा नेपालबाट स्पेसिफाइड स्किल वर्कर (एसएसडब्ल्यू) अर्थात् भाषा र सीप भएका कामदार रोजगारीका लागि जान पाउने उल्लेख गरिए पनि दुई देशका सम्बन्धित प्रतिनिधिहरू बैठक बस्नुबाहेक अरू प्रगति भएको छैन । एमओसीमा उल्लेख भएअनुसार साढे पाँच हजारभन्दा बढी नेपाली युवाहरू भाषा र सीप परीक्षा उत्तीर्ण गरेर जापान रोजगारीका लागि प्रतीक्षारत छन् । अहिले भाषा र सीप पास गरेर बसेका युवाहरू जापान जान पाइने हो कि होइन भन्ने अन्योलको अवस्थामा छन् । नेपाली युवाहरूलाई जापानमा रोजगारीका लागि लैजाने समझदारीपत्रमा हस्ताक्षर भएलगत्तै तयारी थालेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले ठोस कदम चाल्न सकेको छैन । जसका कारण जापान जान तयार भएका कामदारहरू जान पाएनन् ।



गत साउन १९ गते दुई देशबीच काठमाडौंमा दोस्रो बैठक बसेर जापानमा केयरगिभर, कृषि, निर्माणक्षेत्र र रेस्टुरेण्टमा कामदार पठाउने निर्णय गऱ्यो । तर, मन्त्रालयले अझै आवश्यक कार्यविधि बनाउन सकेको छैन । बैठकमा स्पेसिफाइड स्किल वर्कर (एसएसडब्ल्यू) प्रणाली कार्यान्वयन गरी नेपाली नागरिकलाई जापान पठाउन सरकारले कार्यविधि बनाउनुपर्ने भए सो कार्य गर्न जापानले औंल्याएको थियो । आफूले गर्नुपर्ने तयारी समयमै पहिल्याउन नसक्दा केही ढिलाइ भएको मन्त्रालयका उपसचिव एवं सहप्रवक्ता डा. थानेश्वर भुसालले बताए । उनका अनुसार कोरोना महामारी र नेपालको तर्फबाट गर्नुपर्ने तयारीमा केही कमजोरी भएका कारण भाषा र सीप परीक्षा उत्तीर्ण भएका युवाहरू जापान जानबाट अड्किएका छन् ।

नेपाल-जापान संयुक्त कार्यसमितिको बैठकले नेपालले गर्नुपर्ने तयारी गर्न र रोजगारीका लागि जापानले त्यहाँका रोजगारदाताहरूलाई जानकारी दिने र कामदारको माग गर्ने जनाए पनि अहिलेसम्म कुनै सन्देश नआएको मन्त्रालयले जनाएको छ । एसएसडब्लु प्रणालीमार्फत विभिन्न १४ वटा व्यावसायिक क्षेत्रमा रोजगारीका लागि नेपालीलाई लैजान सकिने जापानले जनाएको छ । तर, जापान कामदार पठाउन दक्षिण कोरियाकै जस्तो प्रणाली अपनाउने वा वैदेशिक रोजगार व्यवसायीसँग साझेदारी गरी पठाउने भन्नेबारे मन्त्रालय प्रष्ट देखिएको छैन ।

एमओसी सम्झौता अनुसार संयुक्त कार्यसमितिको बैठक बसे पनि यसले आफैं निर्णय कार्यान्वयन गर्न नसक्ने भुसालले बताए । 'यसले दुई पक्षबीच देखिएका समस्याका विषयमा छलफल गर्ने र समाधान निकाल्न आफ्नो सरकारलाई सुझाव दिने काम गर्छ,' भुसालले भने । यद्यपि, जतिसक्दो छिटो कामदारहरूलाई जापान पठाउन गृहकार्य भइरहेको मन्त्रालयले जनाएको छ ।

भाषा, सीप उत्तिर्ण गरेका युवाहरूलाई जापान पठाउन अलमल भइरहेपनि श्रम स्वीकृति लिएर नेपालीहरू जापान रोजगारीमा गइरहेकै छन् । कोरोना महमारीकै बीच आर्थिक वर्ष २०७६/७७ मा ९३९ जना नेपाली कामदार जापान गएको वैदेशिक रोजगार विभागले जनाएको छ । त्यस्तै २०७७/७८ मा ५५३ र २०७८/७९ मा दुई हजार ४७८ नेपाली कामदार जापान गएको विभागको तथ्यांकमा उल्लेख छ । अहिले जापानका मल्टिनेसनल कम्पनी तथा होटल/रेस्टुरेण्टहरूमा कामदारको उच्च माग रहेको बुझिएको छ । यस्तो अवस्थामा पनि नेपालबाट कामदार पठाउन ढिलाइ हुनुले रोजगारी गुम्ने खतरा रहेको जानकारहरू बताउँछन् । भाषा र सीप सिकेर जापान जाने नेपाली कामदारले त्यहाँ काम गर्दा जापानी नागरिकसरह सेवासुविधा पाउने छन् । अहिले जापानमा रोजगारीका लागि गएका कामदारले मासिक दुई लाखभन्दा बढी पारिश्रमिक पाउने गरेका छन् ।

जापानले नेपालसहित चीन, थाइल्याण्ड, भियतनाम, फिलिपिन्स, इण्डोनेसिया, म्यानमार, कम्बोडिया र मंगोलियालगायतका देशबाट कामदार आपूर्ति गर्ने नीति लिएको छ । जसअन्तर्गत थाइल्याण्ड, फिलिपिन्स, इण्डोनेसियाबाट अहिले कामदार आपूर्ति भइरहेको बताइन्छ ।



# हर्षोल्लासका साथ मनाइयो तीज

**काठमाडौं (प्रस)–** हिन्दू नारीहरूको महान् पर्व तीज हर्षोल्लासका साथ मनाइएको छ । मंगलबार तीजको अवसरमा पशुपतिनाथ मन्दिरमा करिब सात लाख दर्शनार्थीले दर्शन एवं पूजा आराधना गरेका छन् ।

बेलुकी सात बजेसम्म करिब सात लाख भक्तजनले पशुपतिनाथ मन्दिरमा दर्शन गरेको कोषका संस्कृति संरक्षण महाशाखा प्रमुख गौरी शंकर पराजुलीले जानकारी दिए । बेलुकी आरती चलिरहेका बेला पनि पशुपति क्षेत्रमा भक्तजनको उत्तिकै भीड रहेको थियो । भाद्र शुक्ल तृतीयाका दिनमा मंगलबार देवादिदेव महादेवको पूजा आराधना गरी महिलाले हरितालिका तीज पर्व मनाएका हुन् ।

पर्वका अवसरमा आज पशुपतिनाथ मन्दिरमा बिहानैदेखि भक्तजनको भीड लागेको थियो । पशुपतिनाथ मन्दिरमा यस वर्ष विगतभन्दा सहजरूपमा दर्शन गर्न पाइएको भक्तजनले बताएका छन् । पन्ध्र वर्षपछि पशुपतिनाथको पूर्वी ढोका खोलेपछि भक्तजनलाई दर्शनमा सहज भएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ ।

राजधानीको उत्तरपूर्वी भेगका गोकर्णेश्वर र नागेश्वर मन्दिर, भक्तपुरको डोलेश्वर, ललितपुरको सन्तानेश्वरलगायत काठमाडौं उपत्यका र देशभरका शिवालयमा बिहानैदेखि भक्तजनको भीड लागेको थियो । भाद्र शुक्ल तृतीयामा व्रत बसी शिव पार्वतीको पूजा, उपासना गरेमा सुख, शान्ति र कल्याण प्राप्ति हुने धार्मिक विश्वास छ । सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर श्री महादेव पति पाउने बरदान पाएकी थिइन् । तर, पिता हिमालयले पार्वतीको इच्छाविपरीत विष्णुसित विवाह गरिदिन खोजेपछि साथीहरूलाई आफ्नो समस्या सुनाइन् ।

पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरूले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए । साथीहरूले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रत गरी महादेवलाई पतिका रूपमा प्राप्त गरिन् । यसरी पार्वती साथीहरूद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका (तीज)को व्रत लिने प्रचलन सुरु भएको धर्मशास्त्रीय मत छ । सत्ययुगमा यसै दिन निराहार व्रत बसी पार्वतीले श्रीमहादेव स्वामी पाएकीले उक्त दिन व्रत बस्दा मनोकामना पूरा हुने विश्वास छ ।



















**तीज विशेष**

**(१) राष्ट्रपति विद्यादेवी भण्डारी मंगलबार हरितालिका तीज पर्वको अवसरमा पशुपतिनाथको दर्शन गरेर फर्कंदै । (२) तीज पर्वका अवसरमा भक्तपुरको दत्तात्रयमा भगवाण शिवको पूजा तथा दर्शन गर्ने महिलाहरूको भीड । (३) तीजको दिन कोटेश्वर महादेव मन्दिरमा पूजा गर्दै भक्तजन । (४) तीजको अवसरमा पशुपति मन्दिर परिसरमा पूजा गर्दै महिलाहरू । (५) तीजको दिन पशुपति मन्दिर परिसरमा नृत्य गर्दै महिलाहरू । (६) पशुपति मन्दिर परिसरमा पूजा गर्दै महिला ।**

*तस्बिरहरू: रासस*

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

(भदौ १५ गते बुधबार (तिथिः चतुर्थी, नक्षत्रः चित्रा, शुक्लपक्ष)

| | |
|---|---|
| **मेष** | जीवनसाथीको सहयोग प्राप्त हुनेछ । |
| **वृष** | प्रभाव र सम्मान बढ्नेछ । |
| **मिथुन** | शत्रु कमजोर हुनेछ । |
| **कर्कट** | सन्तुलित आहार लिनुहोला । |
| **सिंह** | सन्तान सुख प्राप्त हुनेछ । |
| **कन्या** | खर्चमाथि नियन्त्रण राख्नुहोला । |
| **तुला** | व्यापारिक प्रगति राम्रो हुनेछ । |
| **वृश्चिक** | सवारीसाधनमा सावधानी आवश्यक छ । |
| **धनु** | बाहिरी सम्बन्ध राम्रो रहनेछ । |
| **मकर** | आम्दानी बढ्ने योग छ । |
| **कुम्भ** | उन्नतिको मार्ग खुल्ने देखिन्छ । |
| **मीन** | व्यर्थको यात्रा र हैरानि हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल | |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

भदौ १५ गते, २०७९, ३१ अगष्ट २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**विदेशी पर्यटक** | हिन्दू महिलाहरूको महान् चाड हरितालिकाको दिन पशुपति मन्दिर परिसरमा रातो पहिरनमा सजिएका विदेशी पर्यटक ।

*तस्विरः रासस*

# मिथिलामा तीज र चौरचन एकैदिन

**महोत्तरी-** हिन्दू परम्पराका दुई पर्व मंगलबार एकै दिन मनाइँदैछन् । नेपाली नारीको महान् पर्व तीज र मधेसको प्राचीन मिथिला क्षेत्रमा मनाइने चौरचन (चौठी चाँन) पर्व आज एकैदिन परेको हो । भाद्र शुक्ल त्रितीयाका दिन गरिने तीज व्रत र चौथीका दिनको चन्द्र दर्शनको चौरचन पर्व एकै दिन परेको छ । त्रितीया तिथिमा एक अहोरात्र गरिने तीज पर्व र चौथी तिथिको चन्द्रदर्शन तिथिको भोग घटबढले एकै दिन परेको कर्मकाण्डका ज्ञाताले बताएका छन् ।

तीज पर्व मनाउने नारी सोमबार गए राति 'दर' खाएपछि व्रतमा छन् । आज दिनभरिजसो त्रितीया तिथिको भोग रहे पनि चौथी तिथिको चन्द्र उदय भने आजै साँझ चौथी लागेसँगै आजै चौरचन मनाइने भइएको मैथिल कर्मकाण्डका ज्ञाता बर्दिबास-२ का पण्डित महेशकुमार झाले बताए । ँचौरचन पर्वमा चौथीकै चन्द्रदर्शन र आराधनाको व्रत विधान छ, चौथी तिथिको चन्द्रोदय आजै हुने हुँदा यसपालि तीज व्रत र चौरचन एकै दिन परेका हुन्' झाले भने ।

चौरचन पर्वमा गाईको गोबरले लिपेर बनाइएको आँगनमाझको चामलको पिठोले बनाइएको अरिपन (चतुष्कोण) यज्ञस्थलमा दीप प्रज्वलित गर्दै बर्तालुले फलफूल र मिष्टान्न परिकार चन्द्रमालाई देखाएर पर्व समापन गर्ने मैथिल परम्परा छ । खासगरी खिर, पुरी, दही र गच्छेअनुसारका अन्य मिष्टान्न परिकार तथा केरा र मौसमअनुसारका फलफूल चन्द्रमालाई देखाएर इष्टजनसहित परिवारजनलाई चतुष्कोण यज्ञस्थलमै बसाएर प्रसाद खुवाएपछि चौरचन पर्व सम्पन्न गरिन्छ ।

हिन्दू मैथिल परम्परामा भाद्र शुक्ल चौथीका दिनको चन्द्र दर्शन दोषपूर्ण हुने भएकाले सो दोष मेटाउन दिनभरि निराहार व्रत बसी साँझ चन्द्रमालाई मिष्टान्न परिकार र फलफूल देखाएर दोष मेट्ने प्रचलन छ । यो व्रत पुरुष महिला जसले गरे पनि हुने भए पनि मिथिलामा सामान्यतया घरमूली महिला व्रत बस्ने गर्छन् । मिथिलाको महत्त्वपूर्ण पर्वमध्ये पर्ने यो पर्व भदौ शुक्ल चौथीको चन्द्रदर्शन गरेर मनाइने चलन रहेको मटिहानीस्थित याज्ञबल्क्य लक्ष्मीनारायण विद्यापिठका मैथिली भाषा साहित्यका उपप्राध्यापक मनोज झा मुक्तिले बताए ।

भाद्र शुक्ल चौथीको चन्द्रदर्शनले झुठो अवगाल कहिल्यै नलाग्ने, मित्रहरू बढ्ने र चन्द्रमाको कृपाले कान्ति बढ्ने तथा जीवनमा शीतलता प्राप्त हुने जनविश्वास छ । अघि द्वापर युगमा राजा सत्राजितले उपहारमा प्राप्त गरेका श्यमन्तक मणि हराउँदा श्रीकृष्णलाई 'बात' लागेको र श्रीकृष्णले अवगाल मेट्न चन्द्रव्रत गरेलगत्तै मणि जाम्ववानकी छोरीसँग भेटिएको प्रसंग श्रीमदभागवत महापुराण र कृष्णलिला काव्यमा वर्णित छ । त्यसै बेलादेखि चोरचन पर्व परम्परा चलेको विश्वास गरिन्छ ।

मैथिल परम्परामा चन्द्र दोष मेटाउने यो पर्व अब मधेसमा बस्ने अन्यले पनि मनाउन थालेका छन् । त्यसैगरी तीज व्रत लिने मिथिलानी (मिथिलाका नारी) को संख्या पनि उल्लेख्य देखिन्छ । *रासस*

## निर्वाचनमा प्रहरीलाई ...

पृष्ठ १ बाट जारी

दिए । यसपालि प्रहरीले १० हजार लठ्ठी खरिद गर्दै छ । प्रतिलठ्ठी २०० रूपैयाँका दरले खरिद गर्ने जनाइएको छ ।

प्रहरीले ७०० भन्दा बढी सञ्चार सेट तथा आवश्यक हातहतियारको माग गरे पनि उपलब्ध नहुने भएपछि हतियार बहालगिरीमा प्रयोग गर्ने भएको छ । हाल चालु रहेका सेटसहित अपुग भएमा मोबाइलबाटै सञ्चार सेटको काम गरिनेछ ।

**म्यादी प्रहरीको तलब झण्डै ५० हजार**

सरकारले आगामी मंसिर ४ गते हुने संघ तथा प्रदेश निर्वाचनका लागि एक लाख १५ हजार म्यादी प्रहरी भर्नाका लागि स्वीकृति दिएको छ । यसअघि स्थानीय तह निर्वाचनमा एक लाख म्यादी प्रहरी भर्ना गरिएको थियो ।

उनीहरूका लागि कूल पाँच अर्ब ८६ करोड ३९ लाख ५० हजार रूपैयाँ रकम विनियोजन भएको छ । कूल ४० दिनका लागि तलब, रासन, पोसाकलगायत सबै भत्तासहित जोडेर झण्डै ५० हजार रूपैयाँ हाराहारी तलब प्राप्त गर्ने छन् । यसपालि दुर्गममा खटिनेका लागि केही सेवा सुविधा थप गरिएको छ ।

म्यादी प्रहरीले प्रहरी जवानसरहको सुविधा प्राप्त गर्ने छन् । सबै हिसाब गर्दा उनीहरूले ४० दिनका लागि कम्तीमा ४९ हजार २६० रूपैयाँ तलब प्राप्त गर्ने छन् । हिमाली तथा दुर्गममा खटिनेहरूका लागि भने ५० हजार नाघ्ने छ ।

म्यादी प्रहरीले तलबमात्रै ३४ हजार ७६० रूपैयाँ प्राप्त गर्ने छन् । त्यसका अलावा रासनबापत सात हजार २०० रूपैयाँ पाउने छन् । तर, दुर्गममा खटिनेका लागि त्यहाँको रासन बराबरकै प्राप्त गर्ने हुँदा केही थपिने छ । पोसाकका लागि छ हजार रूपैयाँ पाउने छन् । यसमा पनि हिमाली जिल्लामा खटिनेले (ज्याकेट खरिद) मा एक हजार रूपैयाँ थप पाउने छन् । हिमाली जिल्लामा १५ हजार म्यादी प्रहरी खटिनेछ ।

यस्तै आवतजावत भाडा खर्च एक हजार रूपैयाँ दिइनेछ । खाजा खर्च चार दिनको प्रतिदिन ३०० रूपैयाँका दरले पाउने छन् । यो खर्च भने सबै प्रहरीले पाउने छन् । म्यादी प्रहरीका लागि मापदण्ड तय हुँदै छ । आगामी असोजमा म्यादी प्रहरी भर्ना प्रक्रिया सुरु हुने केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक टेकप्रसाद राईले जानकारी दिए ।

**मतदानस्थल र मतदाता थपिएकाले सुरक्षाकर्मी थप**

मतदानस्थल, मतदान केन्द्र र मतदातासमेत थपिने भएकाले यो पटक म्यादी प्रहरीसहित झण्डै २५ हजार प्रहरी कर्मचारी थप परिचालन गर्न लागिएको छ । नेपाल प्रहरीतर्फ १० हजार र म्यादीतर्फ १५ हजार बढाउन लागिएको हो ।

समानुपातिक निर्वाचनसमेत हुने भएको र कारागारका कैदीबन्दीले समेत मताधिकार प्रयोग गर्न पाउने भएपछि म्यादी प्रहरीसँगै अन्य प्रहरी कर्मचारीसमेत थप गरिएको हो । यसपालि झण्डै पाँच लाख मतदाता थपिने अनुमान गरिएको छ ।

प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्ष र समानुपातिक तथा प्रदेशसभा निर्वाचनमा पनि प्रत्यक्ष र समानुपातिक निर्वाचन हुने भएकाले पनि एक ठाउँमा मत खसालिसकेपछि पुनः अर्को ठाउँमा मत खसाल्नुपर्ने हुन्छ । त्यसैले सुरक्षाकर्मी बढाउनुपर्ने आवश्यकता रहेको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक राईले जानकारी दिए । यसअघि भर्ना भएका म्यादी प्रहरी, पूर्वसुरक्षाकर्मीलाई नै यसपटक पनि प्राथमिकता दिने पनि उनले जानकारी दिए ।

निर्वाचनको तयारीस्वरूप नेपाल प्रहरीले प्रहरी अतिरिक्त महानिरीक्षक सहकुलबहादुर थापाको संयोजकत्वमा केन्द्रीय निर्वाचन सेल गठन गरिसकेको छ । प्रदेशमा प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षकको नेतृत्व रहेको जिल्लामा प्रहरी नायब उपरीक्षक तथा प्रहरी नायब उपरीक्षकको नेतृत्व रहेको जिल्लामा प्रहरी निरीक्षकको नेतृत्वमा निर्वाचन सेल गठन गरिएको छ ।

अर्थ मन्त्रालयबाट प्रस्ताव स्वीकृत भएर आएसँगै केन्द्रीय सुरक्षा योजना निर्माणमा गृह मन्त्रालय जुटेको छ । यसअघि गृहसचिव टेकनारायण पाण्डेको नेतृत्वमा सबै सुरक्षा निकायका प्रमुख सदस्य रहेको केन्द्रीय निर्वाचन सुरक्षा सेल, प्रदेश मुख्यसचिवको नेतृत्वमा प्रदेश सुरक्षा समन्वय सेल तथा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला निर्वाचन सेल तथा कमाण्ड पोस्ट गठन गरी कार्य अघि बढाइएको छ । *रासस*


**कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०५/१५**

यस कम्पनीको मिति २०७९/०५/०७ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **आरुशी इन्टरनेशनल कन्सल्टेन्शी प्रा.लि** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **आरुशी एजुकेशन हब नेपाल प्रा.लि**(नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०५/०७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **आरुशी एजुकेशन हब नेपाल प्रा.लि (प्रा.लि.नं.१६५५६९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



**हिमस्टार उर्जा कम्पनी लिमिटेडको चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित २०७९/०५/१५

यस हिमस्टार उर्जा कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०७९/०५/०५,गते बसेको १६४औं बैठकको निर्णयानुसार यस कम्पनीको चौथो वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

- मिति : २०७९/०५/२८
- सभा हुने स्थानः कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. वडा नं. ४
- समय : बिहान ११:०० बजे

छलफलका विषय सूचीहरु पहिलो पटक प्रकाशित सूचना मिति २०७९/०५/०७ गतेको प्रभाव दैनिकमा प्रकाशित गरिएको छ ।
(विस्तृत जानकारीको लागि २०७९/०५/०७ गतेको प्रभाव पत्रिका हेर्नुहोला ।)



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : POLYMERIC TECHNOLOGY SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०५/१४ | LT. No. 270543 | चलानी नं. ६०१८६३८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २२ गते (7th Sep. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४६५/०७४/०७५

**Ever Bright Overseas Pvt.Ltd.**

Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759, Mob No: +977-9801836213,
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TOBU ALUMINIUM & GLASS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/१४ | LT. No. 270558 | चलानी नं. ६०१८६३६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २२ गते (7th Sep. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MEHANDI OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ११५७/०७३/०७४

Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856
Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : METROD (MALAYSIA) SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/१४ | LT. No.270520 | चलानी नं. ६०१८६३६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Operator | 50 | 0 | 1500 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २२ गते (7th Sep. 2022)मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्योहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने** : निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ४७७/०६०/०६१

**Jupiter Overseas Concern Pvt. Ltd.**

Sinamangal-9, Kathmandu, Nepal. Tel : +977-1-4562605,4564178 Fax : +977-1-4462594
E-mail:info@jupiteremployment.com Web:www.jupiteremployment.com



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : PEMBINAAN SUJAMAN SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/१४ | LT. No. 270550 | चलानी नं. ६०१८६३६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 13 | 0 | 1500 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २२ गते (7th Sep. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Kasturi International Service Pvt. Ltd.**

Govt. License 128/055/56

Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: 977-1-4441458, 977-1-4439647, Mob: 9840804807
E-mail:-kasturi128@hotmail.com, Web: www.kasturiint.com


# 'आयोजना बनाउँदा जनताको लाभ हेर्नुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** सहरी विकासमन्त्री मेटमणि चौधरीले आयोजना सञ्चालन गर्दा जनताको मनो विज्ञान बुझेर मात्र आयोजना अगाडि बढाउनुपर्ने बताएका छन् ।

सैंबु नख्खुडोल जग्गा एकीकरण आयोजनाको नव निर्मित सामुदायिक भवनको उद्घाटन गर्दै उनले निर्माण कार्य समयमै नसकिदा जनताले अनेक खाले समस्या झेल्नुपरेको बताउँदै आयोजनाहरू जनताको मनोविज्ञान बुझेर सञ्चालन गर्नुपर्ने सुझाव दिए ।

मन्त्री चौधरीले भने, 'समयमै निर्माण कार्य नसकिँदा जनताले अनेक खाले समस्या झेल्नुपरेको छ । आयोजनाहरू जनताको मनोविज्ञान बुझेर सन्चालन गर्नुपर्छ, जसले गर्दा जनताले लाभ लिन सकुन् । जनताले दुःख पाउनु भएन ।'

आयोजनाको योजना बुन्दा जनतालाई हुने लाभ हेरिनुपर्नेमा जोड दिएका मन्त्री चौधरीले सबै पक्ष जिम्मेवार भएर आयोजना सम्पन्न गर्न एक जुट हुनुपर्ने धारणा राखेका थिए । उनले भने, 'आयोजनाको योजना बुन्दा जनतालाई हुने लाभ हेरिनुपर्छ ।'

उक्त कार्यक्रममा मन्त्रालयका सचिव डा. रमेशप्रसाद सिंह, महानिर्देशक सुरन्द्रमोहन श्रेष्ठ, काठमाडौं विकास प्राधिकरणका प्रमुख विकास आयुक्त जानुका ढकाल लगायतको उपस्थिति थियो ।


**मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हक दावी सम्बन्धी ३५ दिने सार्वजानिक सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९/०५/१५**

१. नं. प्रदेश सोलुखुम्बु जिल्ला साविक जुबु गा.वि.स.वडा नं. ८, परिवर्तित थुलुङ दुधकोशी गाउँपालिका ५ बस्ने बखते दमाईको नाति गम्भिरे दमाई र पत्नी माया दमाईको छोरा (ना.प्र.नं.७४४/७८४/३१३ मिति २०४५/०२/२५ सोलुखुम्बु) को धनराज दमाईले मेरो बाबु कुमाले दमाईको मिति २०५०/११/२२ मा मृत्यु भएको, कुमाले दमाईको एक मात्र पत्नी माया दमाईको मिति २०७४/०२/२७ मा मृत्यु भएको, बाबु आमाको हामी दुई छोरा जेठा म धनराज दमाई र कान्छा जंगबहादुर नेपाली र छोरीहरू चार सन्तान रहेकोमा छोरीहरू सबै विवाह भई गइसकेको, कान्छा छोरा मेरो भाइ जंगबहादुर नेपालीको मिति २०७५/०७/०८ मा मृत्यु भएको, निजको एक मात्र पत्नी मेरो बुहारी सरस्वती दमाईबाट कुनै सन्तानको जन्म नभई अर्को विवाह गरी गएकोले बाबु, आमा र भाइको मृत्यूपछिको सबैभन्दा नजिकको हकदार म मात्र भएकोले बाबु र भाइको नाममा रहेको तपसिल बमोजिमका जग्गाहरू श्रेष्ता कायम नरहेकोले श्रेष्ता कायम गरी मेरो नाउँमा एकलौटी नामसारी गरी पाऊँ भनी माग निवेदन पेश गरेको देखिँदा हुँदा यो हक दावी सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको छ । तपसिल बमोजिमका जग्गाहरू अरु कोही कसैको हकभोगमा भए वा कसैलाई लिखत गरी दिएको भए वा अरु कसैको हक दावी पुग्ने भए आफूसँग भएको सवुद प्रमाण सहित हकदावी गर्न आउनु होला । अन्यथा प्रचलित ऐन कानुन बमोजम भई जाने व्यहोरा समेत सम्बन्धित सबैको लागि यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

**निवेदकले नामसारीका लागि माग दावी गरेका जग्गाको विवरण**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. | जग्गाधनी |
|---|---|---|---|---|---|---|
| १. | सोलुखुम्बु | जुबु | ८ | १०३७ | १४४० | कुमाले दमाई (बाबु) |
| २. | सोलुखुम्बु | जुबु | ६ | ३८० | १७४० | |
| ३. | सोलुखुम्बु | जुबु | ८ | १०२०, १०३८ र १२६४ | ६७५, ९७५ र ७९५ | जंगबहादुर नेपाली (भाइ) |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### त्रिविमा सधैंको बेथिति

देशकै जेठो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय अनेक उतारचढावबाट गुज्रिरहेको छ । बौद्धिक, प्राज्ञिक, दक्ष जनशक्ति उत्पादनको प्रमुख थलोका रुपमा रहेको त्रिवि अहिले आफैं थला परिरहेको छ । भद्रगोल बनेको छ । अनेक राजनीतिक दाउपेचको मारमा परेको त्रिवि घिसिपिटी गरिरहेको छ । त्रिवि कहिले विद्यार्थी संगठनको झडपस्थल बन्छ, कहिले प्राध्यापकमाथि आक्रमणमा उत्रिन्छन् त्यहींका विद्यार्थी । भद्रगोल व्यवस्थापन र राजनीतिक दाउपेचको केन्द्र बन्दा त्रिविको शाख गुम्न थालेको छ ।

पछिल्लो समय त्रिविका पदाधिकारीले सुरक्षा थ्रेट रहेको भन्दै निजी सुरक्षाकर्मी माग्न थालेका छन् । योभन्दा लाजमर्दो विषय के हुन सक्छ ? प्राज्ञिक व्यक्ति उत्पादन गर्ने थलोका पदाधिकारी त्यहींभित्रबाट असुरक्षित महसुस गर्नु हाम्रो प्राज्ञिक क्षेत्रकै गम्भीर विषय हो ।

उपकुलपति प्राडा धर्मकान्त बास्कोटाले त्रिविका पदाधिकारीलाई असुरक्षा भएको भन्दै गृह मन्त्रालयसँग निजी सुरक्षा अधिकारी (पिएसओ)को नै माग गरेका छन् । गत शुक्रबार आफूहरूमाथि भौतिक आक्रमणको खतरा रहेको भन्दै त्रिविका उपकुलपति, शिक्षाध्यक्ष तथा रजिस्ट्रारले निजी सुरक्षा अधिकृत (पिएसओ) माग गरे । त्रिवि पदाधिकारीलाई दैनिक फोन गरी धम्क्याउने, गाली बेइज्जती गर्ने, सडकको बीचमा बसी आक्रमण गर्ने शैलीमा प्रस्तुत हुने, प्रचलित कानुनले निषेध गरेका शब्दहरू प्रयोग गरी मोबाइलमा सन्देश पठाउने तथा कार्यालय प्रवेशमा अवरोध गर्ने काम निरन्तर गरिएको उनीहरुको भनाइ छ ।

दैनिक कार्यालय र सार्वजनिक काममा उपस्थित हुँदासमेत भौतिकरूपमा नै आक्रमण हुने सम्भावना रहेकाले त्रिवि उपकुलपति, शिक्षाध्यक्ष र रजिस्ट्रारलाई दुई/दुईजना निजी सुरक्षा अधिकृत (पिएसओ)को व्यवस्था गरेर शान्तिपूर्ण रूपमा कामकारबाही गर्ने वातावरण मिलाइदिन भनिएको छ ।

आाइतबार त्रिवि परिसरमा पत्रकार सम्मेलन गर्दै त्रिवि पदाधिकारीहरूले तालाबन्दी र तोडफोड निरन्तर गरिएका कारण आफूहरूलाई काम गर्नै कठिन भएको र अप्रिय निर्णय लिनुपर्ने अवस्था सिर्जना भएको बताएका थिए ।

त्रिविका उपकुलपतिको कार्यालय, रेक्टर, रजिस्ट्रार, व्यवस्थापन संकायको डीन र कृषि डीन गरी छ वटा कार्यालयमा तालाबन्दी जारी छ । नेपाल विद्यार्थी संघ त्रिविले उपकुलपति बाँस्कोटालाई हुबहु प्रश्नपत्र निकाल्ने कार्यमा संग्लग्नहरुको नाम सार्वजनिक गर्न भन्दै मुख्य माग राखेको छ । त्रिविको प्रश्नपत्रमा हुने लापरवाही बन्द गर्नुपर्ने, छानबिन समितिको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने, परीक्षाफल समयमै प्रकाशन गर्नुपर्ने, बिबिएको प्रश्नपत्रमाथि छानबिनका लागि पूर्वप्राध्यापकहरूलाई नियुक्त गर्नुपर्ने नेविसंघको माग छ ।

नेकपा एमालेको भ्रातृ संगठन अनेरास्ववियुले भने त्रिभुवन विश्वविद्यालयमा नेविसंघले गर्ने क्रियाकलाप खेदजनक भएको बताएको छ । नेविसंघले त्रिविमा लगाएका ताला फोड्नुपर्ने, शैक्षिक संस्थालाई बन्धक बनाउन नहुने र उच्छृंखल गतिविधि गर्न नहुने भन्दै नेविसंघविरुद्ध उत्रिएको थियो ।

प्रजातान्त्रिक प्राध्यापक संघ भने विद्यार्थीको पक्षमा उभिएको छ । प्रजातन्त्रवादी प्राध्यापक संघ नेपालले एक प्रेस विज्ञप्ति जारी गर्दै त्रिभुवन विश्वविद्यालय देशको उच्च शिक्षा प्रदान गर्ने सबैभन्दा पुरानो ठूलो प्रतिष्ठित प्राज्ञिक संस्था भएको जनाएको छ । तर, त्रिविका वर्तमान पदाधिकारीहरुले विश्वविद्यालयलाई राजनीतिक नेतृत्वको संरक्षणमा बन्धक बनाइएको संघको आरोप छ । त्रिविका कुनै पनि गतिविधि शैक्षिक गुणस्तरको पक्षमा नरहेको संघको आरोप छ ।

जसले जे भनोस्, त्रिवि लामो समयदेखि राजनीतिक दाउपेचको केन्द्र बनेको छ । दल र संगठनहरुले आफ्नो स्वार्थसिद्धिका लागि त्रिविलाई प्रयोग गर्ने गरिरहेका छन् । राजनीतिक नेतृत्वले फरक–फरक रुपमा त्यहाँका पदाधिकारीलाई बोक्ने गरेका कारण समस्या भएको छ । अब त्रिविको समस्या तत्काल समाधान गर्नुपर्छ । शैक्षिक धरोहर र प्राज्ञिक जनशक्ति उत्पादनको केन्द्रलाई खण्डहर बनाउन हुँदैन ।

# भेडीगोठमै बित्यो जीवन

कमल खत्री

हरियाली लेकाली खर्क । आँखै अगाडि ठोकिने हिमाल । हिमाली बुकीका फाँटमा ससाना त्रिपाल टाँगेका गोठ । डाँडा र हिमालले घेरिएको बुकी र फाँटका चरन क्षेत्रमा सेताम्मे देखिन्छन् भेडाका बथान ।

अन्नपूर्ण गाउँपालिका-५ पाउद्वारको खयरखोला क्षेत्रमा देखिने यो दृश्य निकै रमाइलो र लोभलाग्दो देखिन्छ । खोप्रा-खयर पदमार्गअन्तर्गत पर्यटक आश्रय लिएर बस्ने खयरखोला क्षेत्रमा व्यावसायिक भेडापालन पनि हुँदै आएको छ । यिनै गोठमा भेटिन्छन् ७८ वर्षीय लालवीर तिलिजा ।

पाउद्वार गाउँका बासिन्दा रहेका तिलिजाले भेडीगोठमा आफ्नो जीवनको अधिकांश समय बिताए । उमेर बढ्दै जाँदा गालाका छाला चाउरी पर्न लागे, दाँत झर्न लागे तर तिलिजाको जाँगर घटेको छैन । भेडीगोठसँगको उनको सामीप्यता उस्तै छ । गोठमा घाम, पानी, असिना र हिउँमा संघर्षमय तरिकाले रमाएका तिलिजा बुढ्यौली लाग्दासमेत गोठको जीवनबाट अझै थोकेका छैनन् ।

बेंशीका फाँटदेखि पहाडका पाखा पखेरा हुँदै हिमालका बुकीसम्म भेडीगोठ राख्ने र भेडा चराउने काममा तिलिजाको जीवनको करिब ७० वर्ष बढी समय बित्यो । छ वर्षको उमेरदेखि नै बुबाआमासँग गोठ बसेका तिलिजालाई औपचारिक शिक्षा लिने अवसर मिलेन । बुबाआमासँग गोठमा बस्दै गर्दा आफूलाई समेत गोठप्रतिकै लगाव बढेपछि बाबुले गरेकै पेसालाई जीवनभर अँगालेको तिलिजाले बताए । 'मैले थाहा पाएसम्म हाम्रो जिजु, बाजे, बुबा हुँदै मसम्म आइपुग्दा चार पुस्ताले नै भेडापालन गऱ्यौं, मैले भेडापालनबाटै परिवार धानें, छोराछोरीलाई पढाएँ, उनीहरूको रहरअनुसारको देशमा रोजगारको लागि पठाएँ, गोठमै बसेर गरेको आम्दानीबाट सन्तुष्ट छु,' तिलिजाले भने ।

भेडापालनबाटै कमाएको पैसाले साहिला छोरा जापान, जेठा छोरा बेलायत पठाएको तिलिजाले सुनाए । 'चार छोरा, पाँच छोरी छन्, उनीहरू सबैलाई विद्यालय तहको शिक्षा दिएँ, उनीहरूकै इच्छाअनुसार कतिपयलाई लाखैं खर्च गरेर विदेश पनि पठाएँ, उनीहरूले र मैले कमाएको पैसाबाट पोखरामा घर पनि जोडेको छु, श्रीमती र कान्छा छोरा अहिले पोखरा बस्छन्, माइला छोराले वडाध्यक्ष जितेर गाउँको नेतृत्व सम्हालेका छन्,' उनले पारिवारिक अवस्था सुनाए ।

तिलिजाको गोठमा अहिले करिब ३०० भेडा छन् । गोठको खर्च र हेरालुको ज्याला कटाउँदा वर्षमा १० देखि ११ लाख रूपैयाँसम्म आम्दानी हुने गरेको उनले बताए । उत्पादन गर्न सके बिक्रीका लागि बजारको अभाव नभएको उनको भनाइ छ । 'जनैपूर्णिमालगायतका पर्वमा पूजाका लागि साँडहरू किन्न ग्राहक गोठमै आउँछन्, चाडपर्वको लागि मासु खानका लागि पनि गोठबाटै भेडा किन्न गाउँले आइपुग्छन्, बरु किन्नेले खोजेजति बिक्री गर्ने भेडा उत्पादन गर्न नै सक्दैनैं,' तिलिजाले भने ।

गोठका उकाली ओरालीमा सात दशक समय बिताएका तिलिजालाई भेडीगोठ बस्ने धित अझै मरेको छैन । भर्ती हुने र लाहुर जाने सपनामा केही वर्ष भेडीगोठबाट बाहिरिए पनि सफल नभएपछि पुन:भेडापालनमै फर्किएको उनले बताए । 'एक गोठको भेडाको पैसा दलालले खाइदियो, त्यतिबेला ८६ हजार रूपैयाँमा भेडीगोठ बेचेको थिएँ, बम्बइसम्म पुऱ्याएर दलालले सबै पैसा खाइदियो, १० महिना त्यहाँ बस्दा पनि विदेश पठाउने निधो नभएपछि फेरि गाउँ फर्किएँ र भेडापालनकै इलममा लागें,' तिलिजाले आफ्नो संघर्षका उतारचढाव सुनाए ।

विदेशमा रहेका छोराछोरीले गोठबाट विश्राम लिएर आरामदायी जीवनयापन गर्न सुझाव दिने गरेको बताउँदै उनले आफ्नो हातपाखुरा चल्दासम्म गोठ छाड्न मन नलागेको बताए । तिलिजाले बर्खायाममा खयरखोला हुँदै अन्नपूर्ण हिमाल र बराह शिखर हिमालको फेदीसम्मै भेडीगोठ पुऱ्याउने भए पनि हिउँदयाममा खोप्राडाँडा हुँदै पाउद्वार र पर्वतको लेसपारका बेंशीका फाँटसम्म गोठ झार्ने गरेका छन् । 'बाघ र चटचाङको डर भेडीगोठमा भइरहन्छ, केही वर्षअघि चटचाङ लागेर एकैपटक ६२ वटा भेडा मरे, बाघले वर्षमा एक/दुई वटा भेडा खान्छ, भेडीगोठको सुरक्षामा हामी गोठालासँगै कुकुर हेरालुकै भूमिकामा हुन्छन्,' उनले भने ।

चार पुस्ताले गर्दै आएको भेडापालन आफूपछिको पुस्ताले छाड्ने चिन्ता तिलिजामा छ । तर, अन्नपूर्ण गाउँपालिका-५ का वडाध्यक्षसमेत रहेका तिलिजाका छोरा राजेश तिलिजाले बुबाले गर्दै आएको भेडापालनलाई आफूले पनि निरन्तरता दिने सोच बनाएको बताए । 'अघिल्लोपटक वडा सदस्य र कार्यवाहक वडाध्यक्ष भएर काम गरें, यो कार्यकालमा वडाध्यक्षमा निर्वाचित भएर काम गरिरहेको छु, जनप्रतिनिधिको भूमिकाबाट बाहिर आएपछि भेडापालनलाई नै अगाडि बढाउने योजना बनाएको छु,' वडाध्यक्ष तिलिजाले भने । बुबालाई भेडापालनबाट विश्राम लिन सुझाव दिए पनि उनले भेडीगोठमै आफूलाई आनन्द रहेको बताउँदै पारिवारिक आग्रहलाई इन्कार गर्ने गरेको उनले बताए ।

पहिलेको तुलनामा भेडापालन घट्दो र भेडाको माग बढ्दो क्रममा रहेको बताउँदै उनले युवापुस्ताले गोठ बस्न नरुचाउने भएकाले भेडापालनको पेसा पुस्तान्तरण हुन नसक्ने अवस्थामा पुगेको अनुभव सुनाए । खयर क्षेत्रमा भेडापालनको सम्भावना रहेको बताउँदै वडाध्यक्ष तिलिजाले पछिल्लो समय केही युवा यस पेसामा आबद्ध हुन थालेको जानकारी दिए ।

पाउद्वार गाउँका २१ वर्षीय युवा प्रकाश पुन एक वर्षदेखि भेडापालनका लागि भेडीगोठ बस्न थालेका छन् । शिख माविबाट कक्षा १२ उत्तीर्ण गरेपछि दुई वर्ष भैंसीपालन गरेका पुनले एक वर्षदेखि साझेदारीमा भेडापालन गर्न थलेका हुन् । स्थानीय कमल तिलिजा र कुमार पाइजासँगको साझेदारीमा पुनले खयर क्षेत्रमा भेडापालन गरेका छन् । 'हाम्रो गोठमा ३०० भेडा छन्, भेडा र साँड उत्पादन गर्न सके जति पनि बिक्री हुन्छ, म भर्खरै यो पेसामा लागेको हुँ, अझै आम्दानी गर्ने अवस्था आइपुगेको छैन, अरु साथीहरूले एकै पटकमा तीन/चार लाख रूपैयाँको भेडा बिक्री गर्नुहुन्छ,' पुनले भने । पुनका साथि कमलले नौ वर्षदेखि र कुमारले तीन वर्षदेखि भेडापालन गर्दै आएका छन् ।

अरुको देशमा गएर पसिना बगाउनुभन्दा आफ्नै देशमा पसिना बगाउन मन लागेर भेडापालनमा लागेको पुनले बताए । अहिले खयर क्षेत्रमा तीन वटा ठूला गोठ छन् । ती भेडीगोठमा करिब एक दर्जन घरपरिवारले साझेदारीमा भेडापालन गर्छन् । एक हजार ५०० वटा भेडापालन हुँदै आएको खयर क्षेत्रमा भेडापालन गर्दै आएका स्थानीयले जनैपूर्णिमाको अवसरमा मात्रै १० देखि ७० वटासम्म भेडा र साँड बिक्री गर्दै आएका छन् । यसपटकको जनैपूर्णिमा मेलामा मात्रै स्थानीय भेडापालक कृषकले २५० बढी भेडाका साँडको बिक्री गरेका थिए ।

खयर क्षेत्रमा अन्नपूर्ण गाउँपालिका-१ दोबाका धन पुर्जालेसमेत वैदेशिक रोजगारलाई त्यागेर भेडापालन सुरु गरेका छन् ।१२ वर्षसम्म विदेशमा पसिना बगाएका पुर्जाले तीन महिनादेखि १७२ वटा भेडा खरिद गरेर व्यावसायिक भेडापालन सुरु गरेका हुन् । 'पहिले पनि गाउँमा पुर्ख्यौली भेडापालन गर्थे, भेडीगोठ बेचेर साउदी गएँ, त्यहाँबाट फर्किएपछि मलेसियामा पनि गएँ, तर सोचेजस्तो कमाइ भएन, बरु यतै केही गरैं भनेर भेडापालन पेसामै फर्किएँ,' पुर्जाले भने ।



**गोठका उकाली ओरालीमा सात दशक समय बिताएका तिलिजालाई भेडीगोठ बस्ने धित अझै मरेको छैन । भर्ती हुने र लाहुर जाने सपनामा केही वर्ष भेडीगोठबाट बाहिरिए पनि सफल नभएपछि पुन:भेडापालनमै फर्किएको उनले बताए । तिलिजाको गोठमा अहिले करिब ३०० भेडा छन् । गोठको खर्च र हेरालुको ज्याला कटाउँदा वर्षमा १० देखि ११ लाख रूपैयाँसम्म आम्दानी हुने गरेको छ ।**

०००

हिमाली क्षेत्रमा पालन गरिएका भेडाको खरिदका लागि सहरी र ग्रामीण क्षेत्रका उपभोक्ता गोठसम्म पुग्ने गरेका छन् । विभिन्न पूजाआजामा बलि दिन र मासुका लागि भेडीगोठ नै पुग्ने गरेको अन्नपूर्ण गाउँपालिका-८ नाँगीका हेमबहादुर तिलिजा पुनले बताए ।

यस क्षेत्रमा घुम्ती गोठकारूपमा भेडापालन हुँदै आएको छ । खासगरी लेकाली क्षेत्रको चरनमा हुर्कने भएकाले मासुका लागि भेगीगोठका भेडाको माग अत्यधिक हुने गरेको छ । परम्परागतरूपमा हुँदै आएको भेडापालनलाई व्यावसायिक र व्यवस्थित बनाउन गाउँपालिका र भेटेनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रलेसमेत अनुदान, तालिम र परामर्श सेवाका कार्यक्रम सञ्चालन गर्दै आएका छन् । *रासस*

## मनन्योग्य

### विदुर नीति

धैर्य, शान्ति, इन्द्रिय नियन्त्रण, शुद्ध व्यवहार, दया, कोमल वा नरम बोली र मित्रद्रोह नगर्नु यी सातवटा यस्ता गुण हुन् जसले मानिसको समुन्नति र प्रगति गराउँछ ।

जुन राजा वा मानिसले आफूमा आश्रित रहेका व्यक्तिहरू (भाइ, छोराहरू) लाई भाग-वण्डा, बाँडफाँड नगरेर सारा सम्पत्ति आफैले मात्र हडप्दछ । त्यस किसिमको दुष्ट स्वभाव भएको कृतघ्न एवम् निर्लज्ज राजा या मानिसलाई जनता एव्म हितैषी साथीभाइहरूले साथ दिन छाड्दछन् ।

जसरी सर्प पसेको घरको मानिसले रातमा निश्चित (मस्त) सँग सुत्न सक्तैन । त्यसैगरी यदि मानिस आफैं दोषी छ भने उसको अवगुणहरू बिलकुलै नभएका आफ्ना अन्तरङ्ग मित्रहरूलाई पनि चिदाउँछ (नाखुश पार्छ) त्यसैपछि उसले रातमा पनि सुखको निद्रा पाउँदैन ।

जुन मानिसलाई दोषरोपण गर्दा उनीहरू रिसाए भने आफ्नो जीवनवृत्तिमा असर पार्न जान्छ त्यस्ता मानिसलाई सदैव देवतालाई जस्तै गरेर खुसी राख्नुपर्दछ ।

जसले धन सम्पत्तिजस्ता कुरालाई स्त्री, बौलाहा, सामाजिक रूपले बहिष्कृत (पतित) अनि दुष्ट मानिसहरूको जिम्मामा सुम्पने गर्छ । यस्ता व्यक्तिहरूमा यी कुराहरू उपलब्ध हुनेवाला पनि छन् भने यसरी हुने सम्पत्तिको प्राप्तिलाई सन्देहात्मक रूपले हेर्ने गर्नुपर्दछ ।

जुन देशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ त्यस देशमा जनताको अवस्था ढुंगो वा पत्थरले बनेको डुंगामा चढेर गहिरो समुद्रको यात्रा गर्ने यात्रीहरूसरह हुन्छ, जो सधैं बिपीत्तरूपी समुद्रमा डुब्दछन् ।

जो मानिस जे जत्ति काम गर्न आवश्यक छ त्यती मात्र काम गर्न संग्लन रहन्छ र धेरैमा हात हाल्ने, त्यस्तो मान्छेलाई म पण्डित हो भन्ने ठान्दछु । किनकि धेरै ठाउँमा हात हाल्नु भनेको संघर्षको कारण हुन जान्छ । *क्रमश :*

## पत्र–मञ्जुषा

# अग्रिम टिकट बुकिङ समयमै खोलौं

हिन्दूहरूको महान चाड दसैं आउन एक महिनामात्र बाँकी छ । दसैं ढोकामै आइपुग्न लाग्दा पनि सरकारले अग्रिम टिकट खोल्न चासो देखाएको छैन । यातायात व्यवस्था विभागले लामो रुटमा चल्ने सवारीसाधनको अग्रिम टिकट खोल्नलाई छलफलसमेत गरेको छैन । केही सातापछि गाडी पाउन मुस्किल पर्छ भनेर गाउँ फर्किनेको संख्या ह्वात्तै बढेको छ । कलंकी, बल्खु, नयाँ बसपार्क, जडीबुटीलगायतका स्थानबाट पहिलेभन्दा अहिले दोब्बर सर्वसाधारण गाउँ फर्किन लागेको देखिन्छ ।

उपत्यकामा ७७ वटै जिल्लाका मानिसहरू बसोबास गर्छन् । कोही पढ्न त कोही रोजगारीका लागि राजधानीमा कोठाबहालमा लिएर बसेका छन् । दसैंमा झण्डै २८ लाख सर्वसाधारण उपत्यकाबाट बाहिरिन्छन् । यही मौका छोपेर यातायात व्यवसायीहरूले ५०० को टिकटलाई १५ सय रूपैयाँमा बेच्छन् । यता, दसैंमा अत्यधिक दुर्घटनाका घटनाहरू घट्छन् । सवारीसाधन नपाएपछि लामो रुटकै यात्रा भए पनि ढोकैसम्म उभिएर जानुपर्ने बाध्यता छ । गाडीको अभावले गर्दा यातायात व्यवसायीले भनेजति नै भाडा तिर्नुपर्छ ।

यातायात व्यवसायीले दसैंमा भरपुर फाइदा हात पार्छन् । तोकेभन्दा बढी रकममा टिकट बेच्नु त वर्षौंदेखि चलिआएको प्रचलन हो । उता, सिटभन्दा बढी यात्रु हालेका कारण दुर्घटना हुने गरेका छन् । यो थाहा हुँदा हुँदै पनि ट्राफिक प्रहरी महाशाखाले सुरक्षा योजना बनाएको छैन । न यातायात व्यवस्था विभागसँग छलफल गरेर कसरी यात्रुलाई सुरक्षित गन्तव्यसम्म पुऱ्याउने भन्नेतिर ध्यान दिएको छ । सरकारको यस्तै लापरबाही र मनोमानीका कारण दसैं मान्नबाट खुसीका साथ यहाँबाट हिँडेकाहरूको घरमा रुवाबासी चल्छ ।

मुलुक नै शोकमा डुब्नेसम्मको स्थिति यसअघि बनिसकेको छ । सरकारले एक वर्षको अवधिमा चारचोटि सार्वजनिक सवारीको भाडा बढायो । तर, फेरि पनि भाडा बढाउनुपर्छ भनेर यातायात व्यवसायीहरूले सरकारलाई दबाब दिइरहेका छन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र विभागमा यातायात व्यवसायीको आउजाउ बढेको छ । भाडा नबढाए टिकट नखोल्ने भनेर उनीहरूले सरकारलाई धम्क्याइरहेका छन् । यातायात व्यवसायीले हरेक सालको दसैंमा भाडाको विषयलाई लिएर किचलो थप्ने गरेका छन् ।

जनतालाई सास्ती हुन्छ भन्ने कुरा थाहा हुँदाहुदै पनि उनीहरूले विभिन्न बहाना बनाएर आफ्नो माग सम्बोधन गराएरै छाड्छन् । यातायात व्यवसायीकै दबाबमा आएर सरकारले यसअघि पनि सोच्दै नसोची भकाभक भाडा बढायो । सरकारलाई घुँडा टेकाउन दसैं सबैभन्दा उचित हुन्छ भनेर यातायात व्यवसायीले पुन: पनि उही प्रक्रिया अघि सारेका छन् । सरकारलाई गाल्नका लागि उनीहरूले जहिले पनि जनतालाई दु:ख दिन्छन् । अहिले पनि यो दोहोरिने निश्चित छ ।

यताउता नहेरिकन सरकारले पनि उनीहरूको माग पूरा गरिदिन्छ । यातायात व्यवसायीले पनि अग्रिम टिकट खोल्छन् । तर, खोलेको तीन दिनमै टिकट सकिसकेको हुन्छ । सर्वसाधारण टिकट काट्नका लागि दिनरात नभनीकन काउण्टरमा लाइन बस्छन् । टिकटमा हुने बेथिति र विकृतिलाई निर्मूल गर्नुको साटो सरकारले नै यातायात व्यवसायीलाई बढावा दिइरहेको छ । जनताको सुरक्षा र सेवासुविधा कहिल्यै पनि सरकारको प्राथमिकतामा पर्न सकेन ।

यातायात व्यवसायीले भाडा बढाउँछन् तर त्यहीअनुसारको यात्रुले सेवासुविधा पाएका छन् ? सिट नभएर मुढामासमेत यात्रा गर्नुपर्ने बाध्यता छ । महँगो टिकट त सधैंको टन्टला हो । यातायात व्यवसायीले भनेजति पैसा तिरेन भने टिकट नै पाइँदैन । टिकट काउण्टरका कर्मचारी र यातायात व्यवसायी जहिले पनि टिकट सिद्धियो भनेर बहाना बनाउँछन् । अनि बाहिर महँगोमा बेच्छन् । लामो रुटमा चल्ने सवारीसाधन यात्रा गर्ने ज्येष्ठ नागरिक, बालबच्चा र अपांगता भएकाले भाडा छुटसमेत पाउँदैनन् ।

यस्ता बेथिति नियन्त्रण गर्न सरकारले अहिलेदेखि नै ध्यान दिपर्छ । टिकट काउण्टर र बसपार्कमा निगरानी बढाउनुपर्छ । यातायात मन्त्रालय र गृह मन्त्रालय मिलेर जनताको बाँच्ने अधिकार सुनिश्चित गरोस् । टिकट बुकिङ खोल्नलाई अब ढिलाइ गर्नु हुँदैन ।

*–अम्बिका रायमाझी, कीर्तिपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । सं.



**लाखे नाच** | हरितालिका तीजको अवसरमा म्याग्दी सदरमुकाम बेनीमा मंगलबार यहाँका नेवार समुदायले निकालेको लाखे नाच । *तस्बिरः रासस*

# जमिनमा धाँजा फाट्दा गाउँ नै जोखिममा



**पर्वत–** जमिनमा धाँजा फाटेर घर भत्किएपछि पर्वतको जलजला गाउँपालिका-५ शालिजाको भोटेडाँडास्थित चोराय गाउँका पाँच परिवार विस्थापित भएका छन् ।

गाउँभन्दा केही तलको पाखो गत वर्ष धाँजा फाटेर जमिन लच्किँदै तल सर्दै गरेकामा यस वर्ष पनि पहिरो जाँदा स्थानीय प्रेमप्रसाद सुवेदी, देवीप्रसाद सापकोटा, दीपक सापकोटा, गणेश आचार्य र रमाकान्त सुवेदीको घर नै बग्ने अवस्थामा पुगेको हो ।

पहिरोले नजिकैका घर जतिबेला पनि खरतामा पर्न सक्ने भएकाले उनीहरू आफ्नो घर छाडेर त्यहाँभन्दा केही माथि रहेका छिमेकीको घरमा आश्रय लिएर बसिरहेको गाउँपालिका अध्यक्ष राजु आचार्यले बताए । पहिरोले घर तथा आँगन चर्किएको छ ।

'गत वर्ष पहिरो सुरु भएको हो । अहिले पनि थप पहिरो बढेकाले हरेक वर्ष जमिनमा क्षति हुने क्रम बढेको छ । गत वर्ष नै आएका प्राविधिकले त्यस क्षेत्रभन्दा माथि रहेको बस्तीलाई स्थानान्तरण गर्न सुझाव दिएका रहेछन्,' उनले भने, 'जमिन फाट्न सुरु गरेपछि त्यो सुझाव आए पनि त्यति छिट्टै सरिहाल्न पनि गाउँलेलाई समस्या नै हुन्छ। बस्ती सरेको छैन तर जमिनमा धाँजा फाट्ने र बग्ने क्रम बढेको छ ।'

जमिनको तल्लो आधार तहबाट पूरै फाटेका कारण माटो बग्दै जाँदा रुख र फलफूलका रुखहरू पनि ढलेका छन् । ठूलो क्षेत्रमा पहिरो सुरु भएकाले संरचना निर्माण गरेर वा ग्याबियन जाली भरेर पनि पहिरो रोकिने अवस्था नभएको अध्यक्ष आचार्यले बताए । पहिरो बढ्दै गए त्यो भन्दा माथिका सयौं घर विस्थापित हुने अवस्था छ । पहिरो गाउँभन्दा तलबाट सुरु भएका कारण माथिका सबै घर पहिरामा पर्ने जोखिम रहेको आचार्यले बताए ।

तत्कालीनसमयमा पहिरो नियन्त्रणमा राख्न गाउँपालिकाबाट प्राविधिक र जनप्रतिनिधि गएर अवलोकन गरेर छलफल भएको छ। बग्दै गरेको जमिनमा थप क्षति हुन नदिन तत्कालीनरूपमा वर्षाका कारण बगेर आउने पानीलाई पहिरामा पस्न नदिन भल काटेर पहिरामा नपर्ने गरी तर्काउन सकिने देखिएको छ ।

बग्दै आएको पानीका लागि नहरजस्तो बनाएर पाइप जडान गरी एकातर्फको सुरक्षित ठाउँमा फाल्न प्राविधिकले सुझाव दिएकाले त्यसैअनुसार बाढी तर्काउने योजना गाउँपालिकाले बनाएको छ ।

फाटेको जमिन केही हदसम्म रोक्न सक्ने घाँस पाइने भन्ने प्राविधिक सञ्जालमार्फत थाहा पाएपछि सर्लाही जिल्लाबाट उक्त घाँस ल्याएर पहिरोमा रोप्ने विकल्पबारे पनि छलफल भइरहेको अध्यक्ष आचार्यको भनाइ छ ।

जुन उपाय अपनाएर बस्तीलाई सुरक्षित राख्न सकिन्छ तत्काललाई काम गर्ने र दीर्घकालीनरूपमा जोखिम कायमै हुने भएकाले बस्ती सुरक्षित राख्न सकिने उपायबारे गाउँपालिकाको विपद् व्यवस्थापन समितिको बैठकमा छलफल गर्ने उनले बताए । *रासस*

## सिफारिस समिति ...

पृष्ठ १ बाट जारी

मुद्दामा चलखेल गरेको, कार्यपालिकासँग साँठगाँठ गरेर अनुचित लाभ लिएको, संवैधानिक निकायमा भाग स्वीकार गरेको, मन्त्रीमा भागबण्डा लिएको जस्ता विषयलाई पनि गम्भीरतापूर्वक उठाउने समितिको तयारी छ । यी प्रश्न सोधेपछि अन्तिममा 'थप भन्नुपर्ने केही छ ?' भन्ने प्रश्न पनि राखिएको छ । यो प्रश्नले जबरालाई प्रस्टीकरणका लागि पर्याप्त अवसर हुने समितिका सदस्यहरु बताउँछन् ।

संविधानको धारा १०१ मा भएको व्यवस्था अनुसार, प्रधानन्यायाधीश जबराको महाभियोगको आरोप पुष्टि हुन पाँचवटा आधारमध्ये कुनै एउटा आधार पुष्टि हुनुपर्छ । उक्त धारामा संविधान र कानुनको गम्भीर उल्लंघन, कार्यक्षमताको अभाव, खराब आचरण, इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा पदीय जिम्मेवारी पूरा गर्न नसकेको आधार देखिएमा महाभियोगको आरोप पुष्टि हुनेछ भनिएको छ । महाभियोगको प्रस्ताव, सरोकारवालाहरुको उजुरी र पत्रहरु अनि समितिका सदस्यहरुले संकलन गरेका प्रश्नहरु हेर्दा जबराले मुख्यरुपमा चारवटा आरोपको सामना गर्नुपर्ने देखिन्छ ।

जबरामाथि सर्वोच्च अदालतका न्यायाधीश नियुक्तिका क्रममा संविधानको आफूअनुकूल व्याख्या गरेको आरोप छ । जबरामाथि संविधानका साथसाथै कानुन उल्लंघनको आरोपसमेत छ । उनले रञ्जन कोइरालाको मुद्दामा कैद मिनाहाको राय तयार गर्ने क्रममा न्यायका मान्य सिद्धान्त र कानुनको गलत व्याख्या गरेका थिए ।

प्रधानन्यायाधीश जबराले पूर्वअधिराजकुमारी प्रेरणाको जग्गासम्बन्धी विवाद सर्वोच्च अदालतबाट पुनरवलोकन भएर टुंगिइसकेपछि समेत फेरि संवैधानिक इजलासममा दर्ता गराएर अघि बढाउन खोजेका थिए । तर, उनी सफल हुन सकेनन् ।

जबरामाथिको अर्को प्रमुख आरोप भनेको कार्यक्षमताको अभाव वा न्यायमा विचलन ल्याएको भन्ने छ । जबराले न्यायका आधार भूत मूल्य मान्यता र पद्धति लत्याएको आरोप छ । सर्वोच्च अदालतमा विचाराधीन रञ्जन कोइरालाविरुद्धको मुद्दामा जबरासहितको इजलासले उनको कैद छुट गरिदिएको थियो ।

कोइरालालाई सहुलियत दिएपछिसमेत प्रधानन्यायाधीश जबरा चुप बसेनन् । उनले एउटा टेलिभिजन अन्तर्वार्तामा त्यो जाजय थियो भनी बचाउसमेत गरे । सर्वोच्च अदालतले त्यो फैसला पुनरवलोकनमार्फत उल्टचाइसकेको छ ।

संवैधानिक नियुक्तिसम्बन्धी विवादमासमेत जबराले मुद्दालाई धकेलेर न्यायसम्पादन अवरुद्ध गरेको आरोप छ । महाभियोगपत्रमा 'संवैधानिक इजलासलाई अनिश्चितकालसम्म अवरुद्ध गर्ने प्रबन्ध मिलाउन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले मूख्य भूमिका निर्वाह गरेको' भन्ने उल्लेख छ । यससम्बन्धी मुद्दाको फैसलाको पूर्णपाठमासमेत सर्वोच्च अदालतले 'संवैधानिक पदाधिकारीको नियुक्तिसम्बन्धी मुद्दामा जबराको स्वार्थ रहेको देखिने' भनी व्याख्या गरेको थियो ।

नेपाल बार एसोसिएसनका पूर्वकोषाध्यक्ष एवं अधिवक्ता रुद्र पोखरेल र काठमाडौं जिल्ला अदालतका न्यायाधीश राजकुमार कोइरालाबीचको घुस लेनदेनसम्बन्धी फोनवार्तामा प्रधानन्यायाधीश जबरासमेत जोडिएका छन् । बारले संसदीय समितिलाई बुझाएको पत्रमा पोखरेल र जबराबीचको सम्पर्कको विस्तृत छानबिन हुनुपर्ने माग गरेको छ । जुन विषयमा समितिले जबरासँग सोधपुछ गर्ने छन् ।

जबरामाथि न्यायसम्पादनका क्रममा भ्रष्टाचार गरेको आरोप छ । महाभियोग प्रस्तावमा रहेकामध्ये सबैभन्दा संगीन प्रकृतिको यो आरोपको साथमा उनीमाथि कुनै पक्षलाई जिताउन वा हराउन परिवारका सदस्य र नातेदारलाई बिचौलियाको रुपमा प्रयोग गरेको विवरण तथ्यसहित प्रस्तुत गरिएको छ ।

उनले सर्वोच्च र उच्च अदालतकै न्यायाधीशलाई विचौलियाको रुपमा प्रयोग गरेको आरोपमा न्यायपरिषद्ले छानबिन समेत गरिरहेको छ। गैरकानुनी लाभ र सम्पत्ति आर्जनको आरोपमा जबराका भाई प्रभु शमशेर र परिवारका अन्य सदस्यविरुद्ध सम्पत्ति शद्धीकरण अनुसन्धान विभागमा उजुरीसमेत परेको छ ।

जबराले आफ्ना परिवारका नाममा जोडेका सम्पत्तिको फेहरिस्त शंकास्पद छ । सम्भवतः जबराको पदीय मर्यादासँग अमिल्दो र विल्कुल अस्वाभाविक देखिन आएको सम्पत्तिका बारेमा समितिले उनीमाथि सोधपुछ गर्नेछ । विभिन्न अध्ययन तथा सरकारी कागजातहरु हेर्दा उनले तलब सुविधाको तुलनामा अस्वाभाविक रुपमा सम्पत्ति जोडेको देखिन्छ । जबराले आफू पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीश भएपछि हालसम्म जोडेको सम्पत्ति गैरकानुनी आर्जन होइन भनेर पुष्टि गर्नुपर्नेछ ।

मुद्दा मामिलामा आफ्ना भाइ प्रमुशमशेरमार्फत सेटिङदेखि कतिपय मुद्दामा मोलमोलाई गरेको आरोपसमेत उनीमाथि छ । उजुरी र त्यसको पुष्टि गर्न संकलन गरिएका प्रमाणहरुका अनुसार, जबराले अदालतमा विचाराधीन मुद्दा फिर्ता गराएर ठमेलमा जग्गा किनेका थिए भने दाजुले अन्तरिम आदेश दिएको बैंकको सीईओलाई प्रभावित पारेर भाइले ऋण समेत लिएका थिए ।

जबरामाथि सर्वोच्च अदालतको भवन निर्माणमा अनावश्यक रुची राखेको आरोप पनि छ । सर्वोच्च अदालतभित्र प्रशासनिकरुपमा नै भवन निर्माण र खरिदको विवाद टुंगिनुपर्नेमा जबराले आफ्नो नेतृत्वको समितिबाट बोलपत्रसम्बन्धी निर्णय गरेका थिए ।

सर्वोच्च, उच्च, विशेष र जिल्ला अदालतमासमेत प्रधानन्यायाधीश जबराले सेटिङका आधारमा इजलास गठन गराएको र न्याय सम्पादनमा अवरोध गरेको आरोप छ । जबराले संवैधानिक इजलासमा दर्ता भएका मुद्दा लामो समयसम्म अलपत्र पारेको, छिटो छरितो न्याय सम्पादन गर्न दिइएको न्यायिक अधिकार दुरुपयोग गरी कसैको निहित स्वार्थपूर्ति गरेको आरोप छ ।

गत वर्ष सर्वोच्च अदालतका न्यायाधीशहरुले इजलास बहिस्कार गर्ने क्रममा तयार पारेको अनौपचारिक अवधारणपत्रमा जबरामाथि 'न्यायको मूल्य, मान्यतामाथि कार्यपालिकासँग सौदावाजी गरेको' र 'संवैधानिक न्याय प्रणालीलाई नेतृत्व दिन असफल भएको' आरोप लगाइएको थियो ।

मातहतका अदालतमासमेत हस्तक्षेप गरेको, भ्रष्टाचारका मुद्दाको छिटोछरितो सुनुवाइका लागि विशेष अदालत गठन भएकोमा त्यहाँ पनि हस्तक्षेप गरी इजलास कमजोर बनाएको आरोप उनीमाथि छ ।

## जुवाडे पक्राउ

**बर्दिया(प्रस)–** गुलरिया नगरपालिका-३ खैरीस्थित प्रतीक्षालयमा जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ३५ वर्षीय रतिराम चौधरीलगायत पाँच जनालाई सोमबार प्रहरीले पक्राउ गरेको छ । खटिएको प्रहरीले उनीहरूलाई नगद ४३ हजार १ यस ७५ रूपैयाँ र १ गड्डी तास सहित पक्राउ गरको हो ।

# 'खल्लो हुँदै गयो तीज'

■ **सुशीला रेग्मी**



**रामपुर (पाल्पा)–** करिव डेढ दशक अघिसम्म रामपुरमा तीजको दिन दर्शकको थामिनसक्नु भीड लाग्दथ्यो । यहाँका बेझाड बजार, विजयपुर, किसानवारीलगायत बजारमा दिउँसो झोरा गाउँने र नाच्दा माहोल तीज गीतले तताउँथ्यो ।

झोरा हेर्नकै निम्ति टाढा टाढाबाट पैदल हिँडेर बजारमा आउनेको गाउँगाउँमा उत्साह छाउँथ्यो । घरको कामधन्दा सकेर दिनभर बजारमा तीजको दिन गीत गाउने नाच्ने गरेर चाड मनाउँदाको झ-झल्को अहिले आइरहेको बताउँछन्, ज्येष्ठ नागरिक रुक्मीणा रेग्मी । बजारमा झोरा हेर्ने समय निकाल्न उनले पहिले नै घरमा गाईभैँसीलाई घाँसपातको बन्दोबस्त गरेर राखे ।

रेग्मी भन्छन्, 'छोराछोरी लिएर बजारमा झोरा लाउन गइन्थ्यो, झोरा लगाएर नाचेका चउर, बजार हिजोआज सुनसान बनेको छ, खुल्ला ठाउँमा बसेर कोही नाच्ने, कोही गाउँने, कसैले ताली बजाउँदा बजारको माहोल हर्षोउल्लासमय बन्थ्यो, अहिले त बजारमा कोही जम्मा हुँदैनन्' ।

बजारका खुल्ला चउर, चोक तीजका गीतले गुञ्जायमान बनाउँथ्यो । पछिल्लो समय सूचना प्रविधिको बढ्दो विकासले घरमै टिभी हेर्ने, रेडियोमा गीत सुन्ने, मोबाईल, युट्युवले गर्दा बजारमा तीजका दिन गाउन र नाच्न जाने भेटिँदैन । तीज गीत प्रतियोगितात्मक कार्यक्रम राखिएका बजारमा जसोतसो दर्शक पुगेका हुन्छन् ।

दर्शकको भीडमा सासुससुरा, श्रीमान्, नन्द, अमाजुलाई व्यङ्ग्य प्रहार गर्दै गीत गाएर नाचेको त्यतिबेलाको क्षणले तीजमा झस्काइरहेको कलाकार लक्ष्मी तिवारी बताउँछिन् ।

'बेझाड बजारको ठूलो चउरमा दर्शकको भीड थामिनसक्नु हुन्थ्यो, आफैँले गीत झिकेर नाच्दा धेरै आनन्द हुन्थ्यो, अहिले तीजको दिन खुल्ला चउर, बजारका चोकमा झोरा गाउने नाच्ने चलन हाम्रातिर हराए, तीज गीत आयोजना गरिएका ठाउँमा दर्शक झुम्मिन थाले' उनले भनिन् । घरपरिवार, माइती, मावली, साथीसंगी, आफन्तको साथमा तीजको झोरा हेर्न भनेर बजार जाँदा छुट्टै आनन्दानुभूति हुने गरेको राधिका भण्डारी बताउँछिन् । उनीपनि तीजका दिन माइतीघरमा आमा दिदीबहिनी र साथीसँग बजार गएको त्यसबेलाको क्षण अहिले ताजै रहेको स्मरण गर्छन् ।

उनी भन्छन्, 'तीजमा माइतीमा फलानोको नाच हेर्ने भनेर साथी, आफन्त बजार आउँथे, दर्शकको भीडका बीचमा बसेर नाच्दा तीजको मज्जा नै बेग्लै थियो, दिनभर नाचगान गर्दा पनि थकाइको अनुभूति हुँदैनथ्यो, अहिले यस्ता दिन हराए, बालापनका सँगीसाथी पनि भेट हुनै छाड्यो' ।

तीजको दिन विभिन्न संघसंस्थाद्वारा प्रतियोगितात्मक कार्यक्रम आयोजना गरिने भएकाले मौलिक गीतमा झोरा लगाएर नाचगान गर्ने क्रम विस्थापित भएको हो । घामपानी पनि नभनिकन भीडमा वर्षदिनभर मनमा सँगालेर राखेका सुखदुःख, वेदनाका गीत गाएर नाच्दा मनमा भएको पिर व्यथा नै भुलाउने गरेको ज्येष्ठ नागरिक सरस्वती डोटेलको अनुभव छ ।

उनी भन्छिन्, 'एकैथलोमा पाँच/सात समूहमा गीत गाउने नाच्ने गर्दा तीजको माहोल तताउँथ्यो, सबैसँग भेटघाट हुने, माइती जान नपाए पनि यसरी बजारमा तीजको झोरामा सहभागी हुँदा पीडा हटथ्यो, दिनभर रमाईलो गरेर साँझ घर फर्किन्थ्यो, अहिले क्यासेट गीत सुन्यो बस्यो' ।

तीज पर्वको एउटा महत्त्वपूर्ण पक्ष हो झोरा, अर्थात् तीज गीत छोरी चेलीले माईतीमा जम्मा भएर आफ्ना दुःखसुख विसाउनका लागि गीतलाई माध्यम बनाउँछन् । सूचना प्रविधिको विकाससँगै माइतीको घरआँगन, बजारका चोक, खुल्ला चउरमा भेला भएर गाईने गीत, स्टुडियो र युट्युवमा सीमित बन्न पुगेका छन् ।

'हामीजस्ता उमेर ढल्केका बुढाबुढीलाई पहिलेजसो बजारमा झोरा नहुँदा तीज नै खल्लो भएको महसुस भएको छ, उमेर भएका त विभिन्न ठाउँमा आयोजना भएका प्रतियोगितात्मक कार्यक्रम हेर्न पुग्छन्, उमेर ढल्केका हामी त अन्यत्र जान सकिँदैन, जसतसो नाचगानले छुँदैन, घरमै हिजोका दिन सम्झेर बस्नु परेको छ' उनले भनिन् ।

रामपुरको विजयपुर बजारमा भने बजार व्यवस्थापन समितिको आयोजनामा हरेक वर्ष खुल्ला तीज गीत प्रतियोगिता आयोजना गरिँदै आएको छ । तीजको दिन यहाँ प्रतियोगितात्मक कार्यक्रममा सामेल हुन दर्शक पुग्न थालेपछि पनि अन्य बजारमा रमझम देखिँदैन ।

प्रतियोगितात्मक कार्यक्रममा पनि पहिलाजसो दर्शकले त्यती चाख मान्दैनन् । तैपनि केही समय साथीसँगी भेटघाटका निम्ति भने सहभागी हुने गरेको पाइएको छ । घरमै बसेर सामाजिक सञ्जालमा तीजका गतिविधि देखिने क्रम बढ्दै गएको छ । फेसबुक, टिकटक लाइभमा नाचगान गर्ने, साथीभाई र आफन्तजनसँग कुराकानीमा व्यस्त देखिएका छन् । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ANSAB GENERAL CONTRACTING CO.

पूर्व स्वीकृति मिति २०७९/०४/१६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/१४ | LT. No. 268351 | चलानी नं. ६०१८४२४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 50 | 0 | 1000 | ३३,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २२ गते (7th Sep. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Career International Services (P.) Ltd.

धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३

Email : info@career-intl.com, Website : www.career-intl.com

License No. : 646/063/064

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TC SECURITY SERVICES SDN BHD.

पूर्व स्वीकृति मिति : २०७९/०५/१४ | LT. No. 270516 | चलानी नं.६०१८६३६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 9 | 0 | 1500 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २२ गते (7th Sep. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

K.B. International Employment Pvt. Ltd.

श्रम ईजाजत नं. ८१४/०६५/०६६

Airport, Kathmandu, Nepal. Tel : +977-1-4112758, Fax : +977-1-4112759

E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GULF SPECIALIZED FOOD TRADING COMPANY

पूर्व स्वीकृति मितिः २०७९/०५/१४ | LT. No.270490 | चलानी नं. ६०१८६३९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1300 | ४४,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CON MIX READY MIX CONCRETE COMPANY ONE PERSON COMPANY

पूर्व स्वीकृति मितिः २०७९/०५/१४ | LT. No.270489 | चलानी नं. ६०१८६३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Public Car Driver | 2 | 0 | 1800 | ६१,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २२ गते (7th Sep. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Prince International Employment Service Pvt. Ltd.

श्रम ईजाजत नं. ४३५/०६०/०६१

Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com




## सम्बन्ध तोड्दै सोहेल र सीमा

बलिउड अभिनेता सोहेल खान र उनकी पत्नी सीमा सजदेह अलग्गिने भएका छन् । विवाहको २४ वर्षपछि उनीहरूले अलग्गिने निर्णय लिएका हुन् । सीमा फेसन डिजाइनर हुन् । सोहेलसँग अलग्गिने विषयमा उनले पहिलोपटक मुख खोलेकी छन् । सोहेल र सीमाको पहिलो भेट सन् १९९८ मा फिल्म ' प्यार किया तो डरना क्या' को सेटमा भएको थियो । यसपछि दुवैले भागेर विवाह गरेका थिए । उनीहरूको निर्वान र योहान नामका दुई छोरा छन् ।








# शो नपाएपछि देशभरका हलबाट उतारियो राधा

**काठमाडौं (प्रस)–** प्राइम टाइम र पर्याप्त शो नपाएको भन्दै 'दि सिक्रेट अफ राधा' मंगलबारबाटै देशभरका सिनेमा हलबाट उतारिएको छ । निर्माण पक्षले मंगलबार दिउँसो पत्रकार सम्मेलन गरी सो जानकारी गराएको हो ।

सौगात मल्ल र सृष्टि श्रेष्ठको मुख्य भूमिका रहेको 'राधा' १० भदौदेखि प्रदर्शनमा आएको थियो । तर, सिनेमा हलहरूले राधालाई प्राइम टाइम र पर्याप्त शो नपाएको निर्माण पक्षको गुनासो छ ।

बेपत्ता श्रीमानको कथामा बनेको चलचित्रको निर्देशक सुवर्ण थापा हुन् । सिनेमामा सृष्टिका अलवा सौगात मल्ल, दयाहाङ राई, मेनुका प्रधान, निश्चल बस्नेत, खगेन्द्र लामिछाने, बुद्धि तामाङ, दिव्य देव पन्त, पुस्कर गुरुङ, पशुपति राई, लोकेन्द्र लेखक, राजन खतिवडालगायतका कलाकारहरूको अभिनय रहेको छ ।

सिनेमामा वरिष्ठ रंगकर्मी सुनिल पोखरेल अतिथि भूमिकामा प्रस्तुत छन् । निर्देशक थापाले अभिनेता सौगात मल्लसँग सहकार्य गरेर सिनेमाको निर्माण गरेका हुन् ।

# नेसनल डिजाइनर रनको उपाधि सामुयललाई

■ प्रभाव संवाददाता

**काठमाडौं–** मोडल सङ्स नेपालकोआयोजनामा 'द नेसनल डिजाईनर रनवे २०२२' प्रतियोगिताको उपाधि सामुयल अकोन्थासले जितेका छन् । प्रतियोगितामा 'उत्कृष्ट फेसन डिजाइनर' बनेका उनले उपाधिसँगै उनले ५० हजार रूपैंयाँ पुरस्कार प्राप्त गरे ।

त्यसैगरी लक्ष्मी श्रेष्ठ र निकिता श्रेष्ठले संयुक्त रूपमा फस्ट रनर अपको उपाधि जित्दा ब्ल्याक फिन्सले सेकेण्ड रनर अपको उपाधि आफ्नो पोल्टामा पारिन् । उनीहरूले क्रमशः ३० हजार र २० हजार रूपैयाँ प्राप्त गरे ।

प्रतियोगिताको निर्णायकमा सविन ढुंगाना, दीपक घिमिरे, गोमा तिवारी र तृष्णा गुरुङ थिए । विजेताहरूलाई अन्तिम प्रतिस्पर्धाका निर्णायक मण्डल सदस्यसहित अडिसन राउण्डका जज सरोज ओझा, इभेण्ट आयोजक कम्पनी मोडल सङ्स नेपालका प्रमुख डेभिल सिंह राजपुत,




इभेण्ट म्यानेजर स्वस्ती दंगाल र इभेण्ट को-अर्डिनेटर सोम बास्तोलाले चेक र खादासहित सम्मान गरेका थिए ।

'द नेसनल डिजाईनर रनवे २०२२' को विजेता छनोटअघि पूर्व विजेतासहितका अन्य फेसन डिजाईनरहरूबाट तयार पारिएका पहिरन ६० जना मोडलहरूले कोरियोग्राफर रोजिन शाक्यको कोरियोग्राफीमा ऱ्याम्पमा प्रदर्शन गरेका थिए ।

मोडल सङ्स नेपालका प्रमुख डेभिल सिंह राजपुतले पहिलो संस्करण सफलतापूर्वक सम्पन्न भएकोमा खुशी व्यक्त गर्दै तीन महिनापछि 'द नेशनल डिजाइनर रनवे विन्टर सिजन' गर्ने घोषणा गरे ।

कार्यक्रममा गायक विनोद ढकालले ' ब्रुम ब्रुम' र 'उकालीमा पनि हजुर रेलै जाँदो रै'छ' बोलको गीत गाएका थिए । ग्लोबल अनलाईन पे तथा जिओपी बजारको प्रायोजनमा आयोजित कार्यक्रमको फेसन स्टाईलिस पार्टनरमा मृगतृष्णा फेसन प्रोडक्सन, जिएसके भर्सटाइल, अर्किड फेसन स्टुडियो, सारा श्रेष्ठ, मायाली क्रियसन र वन्त योर विस थिए ।

त्यस्तै मेकअप पार्टनरमा फेसियल हाउस र मेकअप दरबार रहेका थिए । प्रतियोगिताको अफिसियल फोटोग्राफीमा क्याप्चर क्रु रहेको थियो । सोम बास्तोलासहित कार्यक्रमको इभेण्ट कोअर्डिनेसन कमिटीअन्तर्गत सागर श्रेष्ठ, परमानन्द चौधरी र शैलेस नेपाली थिए ।

# 'द कलेज एम्बासडर'ले देखाए प्रतिभा



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'द कलेज एम्बेसडर २०२२' प्रतियोगीले आफूमा रहेको प्रतिभा देखाएका छन् । राजधानीमा आयोजित ट्यालेन्ट राउन्डअन्तर्गत प्रतियोगीहरूले नृत्य, गायन, अभिनय, वक्तृत्वकला, चित्रकलालगायतका ट्यालेन्ट देखाए ।

डान्स कोरियोग्राफर श्रेया महर्जन, सौन्दर्य प्रतियोगिता विजेता पूजा पुरी र प्रोफेसर विनय रन्जितलगायत प्रतियोगिताको निर्णायकमा रहेका थिए । प्रतियोगितामा आठ महिला र आठ पुरुष प्रतियोगी रहेका छन् ।

प्रतियोगिताको यो ११औं संस्करण हो । यसका लागि उपत्यकाका नाइटिंगेल इन्टर नेसनल कलेज, हेराल्ड कलेज, काठमाडौं स्कूल आफ सेन्टल स्टेज, किष्ट कलेज, गोल्डेन गेट अन्तर्राष्ट्रिय कलेज, वेस्टर्न कलेज, ह्वाइटफिल्ट इन्टरनेसनल कलेज, कुसम, द टाइम्स इन्टरनेशनल कलेजका करिब ८० भन्दा प्रतियोगीले अडिसन दिएको आयोजक ग्रिनआर्ट मिडियाका सिइयो प्रवीण लाकौलले बताए ।

ग्रीन आर्ट मिडियाकी निर्देशक अनिला श्रेष्ठले समाजसेवा, सर्ट हाइकिङ, क्याटवाक, व्यक्तित्व विकास, पब्लिक स्पिकिङलगायतका बिभिन्न बिषयमा आफुलाई निखार्दै अन्तिम स्पर्धामा उत्रिने बताइन् । मिसेस युनिभर्स नेपाल २०१९ की विजेतासमेत रहेकी अनिला प्रतियोगिताको कोरियोग्राफरसमेत हुन् ।

प्रतियोगिताको अन्तिम स्पर्धा यही १७ भदौमा रसियन कल्चल सेन्टर (रसियन हाउस) कमलपोखरीमा आयोजना हुँदैछ । प्रतियोगीमा शीर्षसहित बिभिन्न आधा दर्जनभन्दा बढी बिधामा विजेता छानिनेछ ।



## बागमतीको प्रमुखमा पूर्वकप्तान पारस

**काठमाडौं (प्रस)–** पारस खड्काले नवौं राष्ट्रिय खेलकुदमा बागमती प्रदेशको क्रिकेट टिम हेर्ने भएका छन् । प्रदेश खेलकुद विकास परिषद् बागमतीले राष्ट्रिय क्रिकेट टिमका पूर्व कप्तान पारसलाई क्रिकेट खेलको प्राविधिक समितिको प्रमुखको जिम्मेवारी दिएको छ ।

प्रदेश खेलकुद विकास परिषद्का अनुसार पारसले क्रिकेट खेलको संयोजकको जिम्मेवारी निर्वाह गर्नेछन् । उनले प्रदेश प्रतियोगिताको आयोजना, सञ्चालन र छनोटमा प्रमुख भुमिका खेल्नेछन् । बागमतीले नवौं राष्ट्रिय खेलकुदमा क्रिकेट खेलमा स्वर्णको सम्भावना देखेको छ । सोही अनुसार प्रदेशले क्रिकेट खेलको सम्पुर्ण छनोटको जिम्मेवारी पारसलाई दिएको हो ।

बागमतीले सहभागी ३६ खेलको तालिका सार्वजनीक गर्दै संयोजक समेत तोकेको छ । प्रदेश खेलकुद विकास परिषद बागमतीले भदौ १३ गतेदेखि प्रदेश छनोट सुरु गरेर २४ गतेभित्र सक्ने तालिका बनाएको छ । तालिका अनुसारनै सोमबारदेखि लनटेनिस र बक्सिङको छनोट सुरु भैसकेको छ ।

बागमती प्रदेशले छनोटबाट आएका खेलाडीलाई ४५ दिन बन्द प्रशिक्षणमा राख्ने र स्वर्ण पदक विजेतालाई दशौं राष्ट्रिय खेलकुदसम्म मासिक ६ हजार रूपैयाँका दरले भत्ता दिने निर्णय गरिसकेको छ । नवौं राष्ट्रिय खेलकुदमा बागमतीले पहिलो स्थान हासिल गर्ने लक्ष्य राखेको छ ।

सरकारले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता यस वर्ष असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा आयोजना गर्दैछ ।

**नेपाल-केन्या टी-२०**

# केन्याविरुद्धको सिरिज नेपाललाई




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले घरेलु टोली केन्याविरुद्धको पाँच खेलको टी-ट्वान्टी अन्तराष्ट्रिय सिरिज जितेको छ । नैरोवीस्थित जिमखाना क्रिकेट मैदानमा मंगलबार भएको पाँचौं तथा अन्तिम खेलमा केन्यालाई ३१ रनले हराउँदै नेपालले सिरिज ३-२ ले जितेको हो ।

नेपालले दिएको १ सय ७६ रनको लक्ष्य पछ्याएको केन्याले २० ओभरमा ७ विकेट गुमाएर १ सय ४४ रन मात्र बनाउन सक्यो । केन्याका लागि नेहेम्याह ओधियाम्बोले सर्वाधिक ३७ रन बनाए । इरफान करिमले २८ रन जोड्दा कोलिन्स ओबुयाले २३ रन बनाए ।

कप्तान शेम एन्गोचेले अविजित ३३ रन जोड्दा नेल्सन ओधियाम्बो १३ रनमा अविजित रहे । नेपालका सन्दीप लामिछाने र वसिर अहमदले २/२ विकेट लिए ।

करण केसी, आदील आलम र दीपेन्द्र सिंह ऐरीले १/१ विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले २० ओभरमा ७ विकेट गुमाएर १ सय ७५ रन बनाएको थियो ।

नेपालका लागि पूर्व कप्तान ज्ञानेन्द्र मल्लले ५९ रनको अर्धशतकीय इनिङ खेले । उनले ४४ बलमा ५ चौका र २ छक्का प्रहार गरे । ज्ञानेन्द्रको यो टी-ट्वान्टी अन्तराष्ट्रियमा दोस्रो अर्धशतक हो ।

यस्तै रोहित पौडेलले ४७ रन बनाए । अर्जुन साउद २९ रनमा आउट हुँदा दीपेन्द्र सिंह ऐरी २२ रनमा आउट भए ।

आदिल आलमले ७ बलमा ४ रन तथा पवन सरार्फले २ बलमा १ रन बनाए । विवेक यादबले २ बलमा २ रन बनाए तथा करण केसीले २ बलमा २ रनका साथ अविजित रहे । केन्याका शेम एन्गोचे, भिराज पटेल र नेहेम्याह ओधियाम्बोले २/२ विकेट लिए । लुकास ओलुओचले १ विकेट लिए ।

फाइनलका रूपमा मानिएको टी-२० को अन्तिम खेलमा नेपालका पूर्वकप्तान ज्ञानेन्द्र मल्ल म्यान अफ द म्याच घोषित भए भने म्यान अफ द सिरिज नेपाली कप्तान सन्दीप लामिछाने घोषित भए । अब नेपालले घरेलु टोलीसँग एकदिवसीय सिरिज खेल्नेछ । पहिलो एकदिवसीय खेल शुक्रबार, दोस्रो खेल शनिबार र तेस्रो खेल आगामी सोमबार हुनेछ ।

# खोटाङबाट १५८ खेलाडी छानिए

**खोटाङ (प्रस)–** नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि खोटाङबाट एक सय ५८ खेलाडी छनोट भएका छन् । प्रदेशस्तरीय प्रतियोगितामा १४ खेलका लागि ती खेलाडी र व्यवस्थापन तथा अफिसियल ३० गरी एक सय ८८ जनाको सहभागिता रहने जिल्ला खेलकुद विकास समिति खोटाङका प्रमुख लीलाभक्त केसीले जानकारी दिए ।

प्रमुख केसीका अनुसार भलिबलमा १८, एथ्लेटिक्समा २२, बुद्धिचालमा चार, तेक्वान्दोमा २२, सितोरियो कराँतेमा २९, टेबलटेनिसमा चार, फुटबलमा ३२, ब्याडमिन्टनमा सात, भारोत्तलनमा दुई, उसुमा १० खेलाडी छनोट भएका छन् । यस्तै बक्सिङमा तीन, पौडीमा दुई, शारीरिक सुगठनमा एक र सफ्ट टेनिसमा दुई खेलाडीले प्रदेशस्तरीय प्रतियोगितामा प्रतिस्पर्धा गर्ने प्रमुख केसीले बताए ।

आठौं राष्ट्रिय खेलकुद प्रतियोगितामा दश विधाका खेलाडीले सहभागी जनाएको खोटाङमा यो वर्ष सञ्चालन हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा चार खेल थपिएको छ । शारीकि सुगठन, पौडी, भारोत्तलन र सफ्ट टेनिस थपिएको हो ।

यो वर्ष जिल्लाबाट नयाँ खेलसँगै पहिले सहभागी गराइएको खेलमा पनि खेलाडीको सङ्ख्या बढाइएको छ । अघिल्लो वर्ष एथलेटिक्समा आठ जनाको सहभागिता जिल्लाबाट भएकोमा यो वर्ष २२ खेलाडीले सहभागिता जनाउनेछन् ।

जिल्लाबाट छनोट भएका खेलाडीहरूले अब प्रदेशस्तरीय छनोट प्रतियोगितामा भाग लिनेछन् । प्रदेशस्तरीय छनोट प्रतियोगिता कुन-कुन जिल्लामा हुने भन्ने अहिलेसम्म टुंगो लागिसकेको छैन ।

यद्यपि, आगामी भदौ-१६ गतेदेखि ३० गतेसम्म सञ्चालन हुने प्रदेशस्तरीय प्रतियोगिता बिराटनगर, धरान, इटहरी लगायत ठाउँहरूमा सञ्चालन हुने जनाइएको छ । सितोरियो कराँते खेलको प्रदेशस्तरीय प्रतियोगिता भने खोटाङमै हुने जनाइएको छ ।

दिक्तेलस्थित खोटाङ बहुउद्देश्यी कभर्डहलमा सञ्चालन हुने प्रदेशस्तरीय प्रतियोगिताका लागि जिल्लामा तयारी तीव्र पारिएको सितोरियो कराँते सङ्घ खोटाङले जनाएको छ । सितोरियो कराँते खेलको प्रदेशस्तरीय प्रतियोगिता खोटाङमा सञ्चालन हुने भएपछि जिल्लाबासी उत्साहित भएका छन् ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी असोज २८ गतेदेखि कातिक ३ गतेसम्म पोखरामा सञ्चालन हुने आयोजकले जनाएको छ ।

# भ्याली पब्लिक र ग्रिनल्यान्डलाई उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** आयोजक ग्रिनल्यान्ड, भ्याली पब्लिक र एन्जल्स हार्टले १५ औं क्विक्स/ग्रिनल्यान्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि सोमबार जितेका छन् । ग्रिनल्यान्ड सिनियर ब्वाइज, भ्याली पब्लिक सिनियर गर्ल्स र एन्जल्स हार्ट जुनियर ब्वाइजमा पहिलो भए ।

धापासीस्थित घरेलु कोर्टमा भएको सिनियर ब्वाइज फाइनलमा ग्रिनल्यान्डले भ्याली पब्लिकलाई ५५-३७ ले पराजित गर्यो । ग्रिनल्यान्डका दिवस भुजेलले २० अंक जोडे ।

सिनियर गर्ल्समा भ्याली पब्लिकले ग्रिनल्यान्डलाई ६४-४९ ले हरायो । भ्याली पब्लिककी लोरिशा गौचनले १८ स्कोर गरिन् । जुनियर ब्वाइजको उपाधि भिडन्तमा एन्जल्स हार्टले ग्रिनल्यान्डमाथि २०-१७ को जित दर्ता गर्यो । एन्जल्स हार्टका प्रतीक कँडेलले २० अंक बटुले ।

सिनियर ब्वाइजमा ग्रिनल्यान्डका विमल जागरी, सिनियर गर्ल्समा भ्याली पब्लिककी लाक्षी गुरुङ तथा जुनियर ब्वाइजमा एन्जल्स हार्टका प्रतीक कँडेल 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए । सिनियर ब्वाइजमा ग्रिनल्यान्डका दिवस भुजेल (८९ अंक), सिनियर गर्ल्समा ग्रिनल्यान्डकी परी गुरुङ (४५ अंक) र जुनियर ब्वाइजमा लालीगुराँस नेसनल एकेडेमी (एलएनए) का रिदम अधिकारी (३३ अंक) प्रतियोगिताकै सर्वाधिक स्कोरकर्ताको सूचीमा शीर्ष स्थानमा रहे ।

सिनियर ब्वाइजमा भ्याली पब्लिकका छिरिङ नोडुप लामा तथा सिनियर गर्ल्समा भ्याली पब्लिककी मुस्कान गुरुङ उत्कृष्ट थ्री प्वइन्टर चुनिए ।

विजेतालाई केन्द्रीय प्याब्सनका उपाध्यक्षद्वय कृष्णप्रसाद अधिकारी र थकिनकुमार गुरुङ, ग्रिनल्यान्डका भाइस प्रिन्सिपल विनोद घिमिरेलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे ।

भदौ ३ गतेदेखि सुरु प्रतियोगिताको सिनियर र जुनियर ब्वाइजमा १६-१६ तथा सिनियर गर्ल्समा १० टिम सहभागी थिए ।

# साठी लाख अफगानी भोकमरीको जोखिममा

**संयुक्त राष्ट्रसंघ–** अफगान संकट गहिरिँदै जाँदा त्यहाँका ६० लाख नागरिक भोकमरीको जोखिममा रहेका छन् । चरम गरिबी झेलिरहेका अफगानिस्तानका नागरिकलाई तत्काल आर्थिक सहयोग नगरे उनीहरू भोकमरीको जोखिममा पर्ने चेतावनी संयुक्त राष्ट्रसंघले दिएको हो ।

मानवीय सहायतासम्बन्धी राष्ट्रसंघका प्रमुखले अन्तर्राष्ट्रिय समुदाय तथा दातृ निकायलाई अफगानिस्तानको आर्थिक विकासका लागि कोष पुनःस्थापना गर्न तथा आगामी शिशिर याम अगावै त्यहाँका अतिविपन्न वर्गलाई सहयोग गर्न तत्काल ७७ करोड डलर आवश्यक भएको जानकारी दिँदै सहायताका निम्ति अपिल गरेका छन् ।

सुरक्षा परिषद्को सोमबारको बैठकमा सहायता रकम चीन वा रूस कसले व्यहोर्ने भन्नेबारेमा बहस पनि भएको छ । बैठकमा अमेरिकाले उक्त सहायता राशि कसले तिर्ने भन्ने प्रश्न गरेको थियो । मानवीय सहायतासम्बन्धी राष्ट्रसंघका प्रमुख मार्टिन ग्रिफिथले अहिले अफगानिस्तानले मानवीय, आर्थिक, जलवायु, भोकमरी र वित्तीय धेरै संकटको सामना गरिरहेको बताउँदै द्वन्द्व, गरिबी, खाद्य असुरक्षालागयत अफगानिस्तानमा लामो समयदेखि दुःखद वास्तविकताबाट कोही अनभिज्ञ नरहेको स्मरण गराए । एक वर्षअघि तालिबानले सत्ता कब्जा गरेपछि उल्लेख्यरूपमा बाह्य विकास सहायता नआएपछि त्यहाँको अवस्था नाजुक बनेको वास्तविकता उनले सुनाए ।

अफगातिस्तानको आधाभन्दा बढी जनसंख्या अर्थात् दुई करोड ४० लाख जनालाई सहयोग आवश्यक भएको तथा करिब एक करोड ९० करोड सर्वसाधारण चरम खाद्य असुरक्षाको सामना गरिरहेको बताउँदै उनले परिस्थिति अझ भयावह हुने तथा पहिलेदेखि नै बढेको इन्धन र खाद्यान्नको मूल्य कठ्याांग्रिने चिसोले आकाशमा पुग्ने यथार्थ अवगत गराए ।

अनेक चुनौतीको सामना गर्दै राष्ट्रसंघीय निकाय तथा सम्बद्ध गैरसरकारी संस्था दुई करोड ३० लाख अफगानीहरूको सेवामा जुटेका जानकारी दिए । उनले ओढ्ने, न्याना कपडा, आवास मर्मतसम्भारका लागि तत्काल ६१ करोड ४० लाख डलर तथा खाद्यान्न तथा अन्य दैनिक उपभोग्य वस्तुको आपूर्तिका निम्ति १५ करोड ४० लाख अमेरिकी डलर आवश्यक भएको बताए ।

मानवीय सहायता प्रमुख ग्रिफिथले मानवीय सहायताले देश भरका चार करोड नागरिकलाई पुर्‍याउन नसकिने उल्लेख गर्दै तालिबानसँग लगानी गर्ने बजेट नभएको परिस्थितिमा विकास सहायता जुटाउन अपरिहार्य भएकामा जोड दिए । सत्तरी प्रतिशतभन्दा बढी अफगान ग्रामीण क्षेत्रमा बसोबास गर्दै आएकाले कृषि र पशुधन उत्पादनलाई सुरक्षित गर्नु उत्तिकै महत्त्वपूर्ण भएको बताए ।

लाखौं अफगानीको जीवन र जीविकोपार्जनलाई जोखिमबाट जोगाउन तथा देशको खाद्यान्न उत्पादनलाई निरन्तरता दिन पनि बाह्य सहायता अत्यावश्यक भएको स्पष्ट गरे । उनले मुलुकको बैंकिङ तथा तरलता संकट र अन्तर्राष्ट्रिय वित्तीय कारोबारको चरम कठिनाइलाई पनि सम्बोधन गर्नुपर्ने बताए ।

अफगानिस्तानबाट अमेरिकी सेनाको फिर्तीको पहिलो वार्षिकोत्सवको पूर्वसन्ध्यामा रूसले संयुक्त सुरक्षा परिषद्को बैठक बोलाएको थियो । बैठकमा राजदूत भासिली नेबेन्जियाले संयुक्त राज्य अमेरिका र उसका नाटो सहयोगीका अफगानिस्तानका अपमानजनक २० वर्षको कडा आलोचना गरेका थिए ।

अफगानिस्तानको समस्या तालिबानी नभएर पश्चिममा मुलुकको गम्भीर गल्ती भएको टिप्पणी उनले गरे । *रासस/एपी*


## कर्मचारी आवश्यकता

भेरा हेल्थ प्रा.लि.मा **Computer Operator** को आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिहरुले यथाशीघ्र सम्पर्क गर्नुहुन अनुरोध छ ।

**योग्यता : कम्प्युटर सम्बन्धी ज्ञान भएको ।**
**आवश्यक संख्या: ५ जना ।**
**(अनुभवीलाई प्राथमिकता दिइनेछ ।)**

**तलब : मासिक रू. २०,०००/-**

**भेरा हेल्थ प्रा.लि.**
महाराजगञ्ज, चक्रपथ, काठमाडौं (सेल्सबेरीको ठीक अपोजिट)
सम्पर्क नं. : ९८०८५४२४८५



## रिलायान्स फाईनान्स लिमिटेडको बचत खातामा हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति २०७९/०५/१५)

भक्तपुर जिल्ला सुर्यविनायक न.पा. वडा नं. १० बस्ने जुद्ध विर नगरकोटीको नातीनी कृष्ण बहादुर नगरकोटीको छोरी रामकला नगरकोटीको मिति २०७९/०३/१८ गते मृत्यू भएकोले निजको नाममा यस संस्थामा रहेको बचत खाता नं. १०११६००००९२१८ बन्द गरी उक्त बचत खातामा रहेको रकम पाउं भनी मृतकका आमा श्रीमती राम कला नगरकोटीले निबेदन दिनु भएको हुदां उक्त बचत खातामा रहेको निक्षेप उपर निज बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र अधिकारवालाले सबुद प्रमाण सहित दावी गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र कुनै पनि हकवालाको निबेदन नपरेमा माग बमोजिम रकम प्रदान गरिने व्यहोरा जानकारी गराईन्छ । साथै म्याद भित्र प्राप्त नभएको र रित नपुगेको हकदावीको निबेदन उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
**Head Office:** B.J. Bhawan, Pradarshani Marg, Kathmandu.
Tel: 01-5361104, 5323117 , 5361041, 5361167
info@reliancenepal.com.np | www.reliancenepal.com.np
वित्तीय सेवाको अर्को परिभाषा



## फ्रि भिषा !! फ्रि टिकट !!
## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **C.E. BRUSH MANUFACTURING SB**
पुर्व स्वीकृति मिति २०७९/०५/१४ LT. No. 270567 चलानी नं. ६०१८६३७१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 30 | 0 | 1500 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २२ गते (7th Sep. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd**
श्रम ईजाजत नं. १४०४/०७४/०७५
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **DANA CAFE**
पुर्व स्वीकृति मिति: २०७८/११/२९ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/१४ LT. No.259216 चलानी नं. ६०१८०९७४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Coffee and Tea Maker and More | 2 | 0 | 1200 | ४०,७७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Coffee Maker | 3 | 0 | 1200 | ४०,७७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २२ गते (7th Sep. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.co.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TROLLEY GENERAL TRADING CO.W.L.L**
पुर्व स्वीकृति मिति :२०७८/१२/१० पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/१४ LT No.260188 चलानी नं. ६०१७६४४१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KWD | ने.रू. | | | | | | | |
| 1 | Barista | 12 | 30 | 140 | ५७,७३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 3 | 0 | 95 | ३९,१७५ | | | | | | | |
| 3 | Inventory Controller | 11 | 0 | 170 | ७०,१०० | | | | | | | |
| 4 | Sales Associate | 0 | 19 | 140 | ५७,७३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २२ गते (7th Sep. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351 Email Id: dubaioverseas2016@gmail.com



## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **REZTEC INDUSTRIES SDN.BHD.**
पुर्व स्वीकृति मिति २०७९/०५/१४ LT. No. 270583 चलानी नं. ६०१८६३८०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **SULAIMAN NASSER AL-TURKI FACTORY FOR CEMENT PRODUCTS**
पुर्व स्वीकृति मिति २०७९/०५/१४ LT. No.270008 चलानी नं. ६०१८६३८१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Concrete Mix Labor | 4 | 0 | 1000 | ३८,३७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Industrial Equipment Installation Mechanic | 3 | 0 | 2200 | ३४,८८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: भदौ १७ गते (2nd Sep. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G. P. O. Box : 815, Mitrapark, Chabahil-7 Kathmandu, Nepal Tel : +977-1-4489401, 4489501
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GRAY DOME SPECIALIST FAST FOOD RESTAURANT**
पुर्व स्वीकृति मिति: २०७९/०५/१३ LT. No.270411 चलानी नं. ६०१८६३९६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Cook | 3 | 0 | 1400 | ४७,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **GREEN DIAMOND CONTRACTING COMPANY**
पुर्व स्वीकृति मिति: २०७९/०५/१३ LT. No.270412 चलानी नं. ६०१८६३९७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Cook | 1 | 0 | 1400 | ४७,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २२ गते (7th Sep. 2022)मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० **कामदार आफैंले** **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **QDOS FLEXCIRCUITS SDN. BHD.**
पुर्व स्वीकृति मिति २०७९/०५/१४ LT. No. 270568 चलानी नं. ६०१८६३८७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 150 | 0 | 1500 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **HOLZERN FURNITURE SDN BHD**
पुर्व स्वीकृति मिति २०७९/०५/१४ LT. No. 270514 चलानी नं. ६०१८६३७४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Workers | 20 | 0 | 1500 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **HUP FATT BROTHERS ENGINEERING (M) SDN BHD**
पुर्व स्वीकृति मिति २०७९/०५/१४ LT. No. 270513 चलानी नं. ६०१८६३७३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Workers | 30 | 0 | 1500 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **VITALLY SDN BHD**
पुर्व स्वीकृति मिति २०७९/०५/१४ LT. No. 269960 चलानी नं. ६०१८६३६७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २२ गते (7th Sep. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465



## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL MAJLESS CO. FOR RESTAURANTS SERVICES**
पुर्व स्वीकृति मिति २०७९/०२/१८ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/१४ LT. No. 264100 चलानी नं. ६०१८०२४६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Cooker | 1 | 0 | 1500 | ५२,३०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1400 | ४८,८२० | | | | | | | |

कम्पनी : **BEHESHT**
पुर्व स्वीकृति मिति २०७७/१२/३१ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/१४ LT. No. 239103 चलानी नं. ६०१७७०९३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Representative | 1 | 0 | 2200 | ७६,७१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 1 | 0 | 1400 | ४८,८२० | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

कम्पनी : **QWAT AL-ASIMA INDUSTRIAL COMPANY(ONE PERSON COMPANY)**
पुर्व स्वीकृति मिति २०७८/१२/२० पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/१४ LT. No. 260707 चलानी नं. ६०१७७०९३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | General Labor | 20 | 0 | 1000 | ३३,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २२ गते (7th Sep. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९४,८०० | प्रति तोला - ९४,२९८ | प्रति तोला - ११४५ |



**भुस्मे घरवास**: मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ स्थित भुस्मे घरवास तथा सो गाउँमा लगाइएको तरकारी खेती । *तस्विरः जनक श्रेष्ठ/रासस*

## सेयरबजारमा झिनो सुधार

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार पनि झिनो अंकले उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक दुई दशमलव ३३ अंकले उकालो लागेर एक हजार नौ सय ९५ दशमलव ३४ मा पुगेको छ। यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ४९ अंकले उकालो लागेर तीन सय ८८ दशमलव ९५ मा पुगेको छ।

कूल दुई सय २० कम्पनीको २९ लाख १४ हजार पाँच सय पाँच कित्ता सेयर रु एक अर्ब एक करोड ९५ लाख १६ हजार छ सय ९६ मूल्यमा खरिद बिक्री भए। मंगलबारको कारोबारपछि बजार पूँजीकरण रु २८ खर्ब ६० अर्ब ११ करोड आठ लाख बराबर रहेको छ।

नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहमध्ये छ उपसमूहको सेयर मूल्य ओरालो लागेको छ भने सात उपसमूहको सेयर मूल्य उकालो लागेको छ। बैंकिङ शून्य दशमलव ७६, होटल तथा पर्यटन चार दशमलव ८१, जलविद्युत् १८, वित्त १० दशमलव नौ, निर्जीवन बीमा छ दशमलव ३७ र जीवन बीमा दुई दशमलव ३६ अंकले ओरालो लागेको छ।

यस्तै, व्यापार एक दशमलव ५७, विकास बैंक छ दशमलव २३, उत्पादन ११ दशमलव ७३, अन्य ३३ दशमलव ८२, लघुवित्त चार दशमलव २७, सामूहिक लगानी कोष शून्य दशमलव शून्य दुई र लगानी शून्य दशमलव १९ अंकले उकालो लागेको छ।

नेप्सेका अनुसार कारोबारका आधारमा नेपाल दूरसञ्चार कम्पनी शीर्ष स्थानमा छ। सो कम्पनीको रु नौ करोड ५७ लाख ७२ हजार पाँच सय ७५ बराबरको कारोबार भयो। यस्तै, लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल रु छ करोड ३९ लाख एक हजार तीन सय १०, नबिल बैंक रु चार करोड ४९ लाख ९२ हजार पाँच सय ५५, रिडी हाइड्रोपावर रु दुई करोड ९९ लाख छ हजार छ सय १० र हिमाल दोलखा हाइड्रोपावर रु दुई करोड १२ लाख ६० हजार आठ सय ५१ बराबरको कारोबार भई शीर्ष पाँच स्थानमा रहेका छन्।

नेप्सेका अनुसार, अप्पर हेवाखोला हाइड्रापावर आठ दशमलव ४५, नबिल ब्यालेन्स फण्ड दोस्रो पाँच दशमलव ३२, ग्लोबल आइएमई समुन्नतत स्किम एक तीन दशमलव ३४ इमर्जिङ नेपाल तीन दशमलव ३४ र लक्ष्मी उन्नती कोषका लगानीकर्ताले तीन दशमलव ३४ प्रतिशतले कमाएका छन्। त्यस्तै, विन नेपाल लघुवित्त चार दशमलव ७७, एनआइसी एशिया ग्रोथ फण्ड चार दशमलव शून्य तीन, मल्टीप्रपोज फाइनान्स कम्पनी तीन दशमलव ४३, आरबीबी म्युचुअल फण्ड एक तीन दशमलव ४३ र समता घरेलु लघुबित्तका लगानीकर्ताले तीन दशमलव २५ प्रतिशतले गुमाएका छन्।

## भृकुटीमण्डपमा फर्निचर मेला हुने

**काठमाडौं (प्रस)**– यही भदौ २३ देखि २७ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा फर्निचर तथा फर्निसिङ मेला सञ्चालन हुनेभएको छ।

फर्निचर तथा फर्निसिङ सङ्घले आयोजना गर्न लागेको सो मेलामा भारत, बंगलादेश, पाकिस्तानलगायत मुलुकका फर्निचर उत्पादक कम्पनीको सहभागिता रहनेछ। जेन्सा कार्पेट, हलेसी डेकोर, भिवोन चेयर र युनाइटेड फर्म एण्ड म्योट्रेसले प्रदर्शनीको आयोजना गरेका हुन्। किचन, बेडरूम, बाथरूमका साथै आउटडोर, इण्टेरियर डिजाइनर, कार्पेट, मार्बललगायत सामग्री मेलामा रहने सङ्घका अध्यक्ष शुभेन्द्र जोशीले जानकारी दिए।

## गौतमबुद्ध विमानस्थलबाट जजिरा र बिज एयरको उडान






■ प्रभाव संवाददाता

**लुम्बिनी–** कुवेतको जजिरा एयरवेजले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट दैनिक उडान सञ्चालन गर्ने भएको छ।

गौतमबुद्ध विमानस्थलबाट कुवेत गन्तव्यमा साताको तीन उडान गरिरहेको जजिराले आगामी भदौ ३१ (१६ सेप्टेम्बर) देखि दैनिक उडान गर्न लागेको नेपाल नागरिक उड्यन प्राधिकरणले जनाएको छ। प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले हाल सातामा तीन उडान गरिरहेको जजिराले सातै दिन उडान सञ्चालन गर्ने तयारी गरेको जानकारी दिनुभयो। एयरवेजले अहिले सोमबार, मंगलबार र शुक्रबार गरी सातामा तीन उडान गरिरहेको छ।

यो गन्तव्यमा यात्रु अकुपेन्सी बढ्दो क्रममा रहेको र नजिकिएको यात्रु सङ्ख्या बढ्ने प्रक्षेपणसहित उडान सङ्ख्या थपिएको एयरवेजले जनाएको छ। कुवेती एयरलाइन्सले मध्यपूर्वका नेपाल, भारत, पाकिस्तान, श्रीलंका र युरोपमा उडान सञ्चालन गर्दै आएको छ। जेठ २ गतेदेखि व्यवसायिकरूपमा सञ्चालनमा आएको गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा जजिरा एयरवेजले मात्र अन्तरराष्ट्रिय उडान गरिरहेको छ। थप एयरलाइन्सले पनि भैरहवाबाट उडान सञ्चालनमा चासो देखाएको प्राधिकरणले जनाएको छ।

यसैबीच गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट बिज एयरवेजले पनि नियमित उडान सञ्चालन गर्ने तयारी गरेको छ। एयरवेजले आगामी कात्तिक १३ (अक्टोबर ३० तारिख)देखि भैरहवाबाट संयुक्त अरब इमिरेट्स (युएई)को आबुधावीमा उडान भर्ने प्राधिकरणका प्रवक्ता निरौलाले बताए।

हंगेरीबाट विश्वका विभिन्न देशमा उडान गरिरहेको उक्त एयरवेजले नेपालमा सातामा तीन दिन उडान गर्ने तयारी गरेको छ। जजिराले नियमित उडानका लागि आवश्यक प्रक्रिया पुरा गरिसकेको छ। योसँगै गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट अन्तरराष्ट्रिय उडान भर्ने दुई एयरलाइन्स पुगेका छन्। जजिराले सुरुदेखि उडान गरिरहेको छ भने बीजले पनि छिट्टै उडान गर्ने जनाइएको छ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट अन्तरराष्ट्रियतर्फ हाल तीन नेपालीसहित २६ एयरलाइन्सले अन्तराष्ट्रिय उडान भर्दै आएका छन्। कोभिड-१९ महामारीपछि मुलुकको अन्तराष्ट्रिय उडान विस्तारै लयमा फर्कदै गरेको प्राधिकरणले जनाएको छ। अहिले अन्तराष्ट्रियमा ७० प्रतिशत बढी अकुपेन्सी रहेको प्रवक्ता निरौलाले बताए।

## रत्नपार्कमा चार्जिङ स्टेसन सञ्चालन

■ रमेश लम्साल

**काठमाडौं–** काठमाडौंदेखि महोत्तरीको बर्दिबाससम्मको कूल दूरी १९८ किलोमिटर छ। बिपी राजमार्गको रूपमा स्थापित सो सडक मार्गमा चल्ने विद्युतीय सवारीले कूल रु तीन सय बराबरको बिजुली खपत गर्छ।

सोही राजमार्ग भएर चल्ने पेट्रोलियम पदार्थ प्रयोग गर्ने सवारीसाधनले रु चार हजार बराबरको इन्धन खपत गर्छ। यस आधारमा विद्युतीय सवारीसाधनको प्रतिकिलोमिटर लागत ६६ पैसा बराबर छ। पेट्रोलियम पदार्थको तुलनामा विद्युतीय सवारीसाधनको लागत कुन हदसम्म सस्तो छ भन्ने बुझ्न यही उदाहरण काफी छ।

फुर्कोट, बर्दीबासलगायतका स्थानमा विद्युतीय सवारीसाधनका लागि चार्जिङ स्टेसनसमेत बनिसकेका छन्। नेपाल विद्युत् प्राधिकरणका अनुसार विद्युतीय कार चार्ज गर्दा औसतमा प्रतिकिलोमिटर ७० पैसा बराबरको खर्च लाग्छ। एसयूभी लागि ८० पैसा, माइक्रोबसका लागि ९० पैसा र ठूला बसले एक रूपैयाँ २० पैसा प्रतिकिलोमिटर बराबर खर्च लाग्छ।

प्राधिकरणका अनुसार मझौला भोल्टेज ३३ केभी क्षमतामा साँझ ५ बजेदेखि राति ११ बजेसम्म चार्ज गर्दा प्रतियुनिट आठ रूपैयाँ ४० पैसा खर्च लाग्छ। यस्तै राति ११ बजेदेखि बिहान ५ बजेसम्म चार्ज गर्दा चार रूपैयाँ ४५ पैसा खर्च लाग्छ। यस्तै, बिहान ५ बजेदेखि साँझ ५ बजेसम्म चार्ज गर्दा छ रूपैयाँ ६० पैसा खर्च लाग्छ।

यस्तै मझौला भोल्टेज ११ केभी क्षमतामा क्षमतामा साँझ ५ बजेदेखि राति ११ बजेसम्म चार्ज गर्दा प्रतियुनिट आठ रूपैयाँ ६० पैसा, राति ११ बजेदेखि बिहान ५ बजेसम्म चार्ज गर्दा पाँच रूपैयाँ पाँच पैसा र बिहान ५ बजेदेखि साँझ ५ बजेसम्म चार्ज गर्दा छ रूपैयाँ ७० पैसा खर्च लाग्छ। यस्तै तल्लो भोल्टेज दुई सय ३० देखि चार सय भोल्टमा पनि आठ रूपैयाँ ७० पैसादेखि छ रूपैयाँ ९० पैसासम्म खर्च लाग्छ।

### सञ्चालनमा ल्यायो चार्जिङ स्टेसन

पछिल्लो समयमा विद्युतीय सवारीसाधनप्रतिको चासो बढ्दै गएको र उपभोक्तासमेत त्यसमा आकर्षित भइरहेको बेला प्राधिकरणले चार्जिङ स्टेसन निर्माणलाई महत्त्वका साथ अगाडि बढाएको छ। सोही क्रममा मंगलबार मात्रै प्राधिकरण परिसर रत्नपार्कमा चार्जिङ स्टेसन सञ्चालनमा ल्याइयो। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले सो चार्जिङ स्टेसनको उद्घाटन गर्नुभयो। रुस र युक्रेनबीचको विवाद बढ्दै जाँदा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य आकासियो। त्यसको प्रत्यक्ष असर नेपाली अर्थतन्त्रमा समेत पर्न गयो।

हाल नेपाल आयल निगमले बिक्री पर्ने पेट्रोलको मूल्य प्रतिलिटर रु एक सय ८० छ। यस आधारमा पेट्रोलियम सवारीसाधनको प्रतिकिलोमिटर लागत रु २० बराबर पर्न जान्छ। तर विद्युतीय सवारीसाधनको प्रतिकिलोमिटर लागत पेट्रोलियम पदार्थ प्रयोग हुने सवारीसाधनको तुलनामा असाध्यै न्यून छ।

यही तथ्यलाई आत्मसात् गर्दै स्वदेशी बिजुलीको खपत बढाउनका लागि चार्जिङ स्टेसन निर्माणको कामलाई रणनीतिकरूपमा अगाडि बढाइएको ऊर्जामन्त्री भुसालको भनाइ छ।

उनले कुनै बेला चर्को लोडसेडिङ भोगेका नेपालीका लागि चार्जिङ स्टेसन र इन्डक्सन चुल्होको प्रयोग गर्ने अवस्थामा पुग्नुलाई 'क्रान्तिकारी कदम' को संज्ञा दिइन्। उनले भनिन्, 'हिजो हामी चरम लोडसेडिङमा थियौं। बिजुलीको एक झल्को पाउनु पनि हाम्रा लागि ठूलो कुरा थियो। मंगलबार हामी बिजुली बिक्री गरिरहेका छौं भने विद्युतीय सवारीसाधनसमेत चलाउने अवस्थामा पुगेका छौं। यो आफैंमा क्रान्तिकारी सुरुआत हो।'

प्राधिकरणले देशभरका ५१ स्थानमा चार्जिङ स्टेसन निर्माण गरिरहेको छ। आगामी दुई महिनाभित्र सबै चार्जिङ स्टेसन निर्माण सम्पन्न भई सञ्चालमा आउने प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए। उनले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसँग पनि प्राधिकरणले चार्जिङ स्टेसन निर्माणका लागि समझदारीपत्रमा हस्ताक्षर भइसकेको जानकारी दिँदै सबै क्षेत्रको साथ र सहयोगमा वातावरणको संरक्षण तथा बिजुली खपत अभियानसमेत अगाडि बढ्ने बताए।

देशको प्रमुख सहर तथा राजमार्गमा द्रुत सवारी चार्जिङ स्टेसनको स्थापना गरिनु आफैंमा सकारात्मक हस्तक्षेप भएको उनको भनाइ छ। प्राधिकरणले स्थापना गर्न लागेको चार्जिङ स्टेसनमा २६ वटा ठूला बस, माइक्रो, ट्रक, पिकअप तथा कार आदिको लागि चार्जर र २५ वटा साना ठूला कारका लागि चार्ज गर्न सकिने प्रणाली जडान हुनेछ। एउटा सवारीसाधन पूर्णरूपमा चार्ज हुनका लागि बढीमा डेढ घण्टासम्म लाग्ने कार्यकारी निर्देशक घिसिङले जानकारी दिए।

प्राधिकरणले निर्माण गरिरहेको चार्जिङ स्टेसनको क्षमता ६० किलोवाट डिसी र २२ किलोवाट एसी रहेको छ। यद्यपि एक सय २० किलोवाट डिसीसम्म चार्ज गर्न सकिनेछ। नेपालमा उपलब्ध भएका सवारीसाधनमा रहेको ब्याट्रीको क्षमताअनुसार कम्तीमा आधा घण्टादेखि डेढ घण्टासम्ममा पूर्णरूपमा चार्ज हुनेछ। चार्जिङ स्टेसन निर्माणका संलग्न श्री गो कम्पनीका कार्यकारी अध्यक्ष राजन रायमाझीले प्रतिचार्जिङ स्टेसन रु ८० लाख लागत लागेको जानकारी दिए। *रासस*

उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं

- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- रकम बचत गरी विश्वसनीय बैंक तथा वित्तिय संस्थामा जम्मा गरौं।
- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रूपमा सक्षम बनौं, राष्ट्रिय पुँजी निर्माणमा योगदान पुर्‍याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं-७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ